एकीकृत कृषि विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०८०

# विषय-सूची


१. संक्षिप्त नाम र प्रारम्भ: ........ 4

२. परिभाषा ........ 4

३. अनुदान उपलब्ध गराउन सक्नेः ........ 5

४. अनुदान रकमको सीमा र प्रतिशत: ........ 5

५. कृषि विकास निर्देशक समितिः ........ 5

६. माग सङ्कलन: ........ 6

७. लाभग्राही छनौट: ........ 6

८. अनुदान प्रवाह: ........ 6

९. अनुदानको भुक्तानी : ........ 7

१०. कार्यकम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन: ........ 7

११. तथ्याङ्क सङ्कलन तथा मल कार्ड वितरण: ........ 7

१२. माटो परीक्षण तथा कृषि चुन वितरण (कृषि चुन वितरण सम्बन्धि सम्पूर्ण कार्यक्रमहरु): ........ 9

१३. माटो परीक्षण तथा अन्य परामर्श सेवाको लागि खरिद : ........ 10

१४. विषादी प्रयोग सम्बन्धि सचेतना कार्यक्रम: ........ 11

१५. करेसाबारी किट वितरण कार्यक्रम: ........ 12

१६. एकीकृत पशु तथा कृषि विकास केन्द्र स्थापना कार्यक्रम: ........ 13

१७. कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम ........ 14

१८. एक वडा एक उत्पादन क्षेत्र स्थापना कार्यक्रम ........ 15

१९. कृषि उपज संकलन केन्द्र सबलीकरण कार्यक्रम ........ 17

२०. कृषि व्यवसाय सबलीकरण कार्यक्रम ........ 18

२१. बिमा क्याम्प सञ्चालन कार्यक्रम ........ 19

२२. स्थानीय बीउ उत्पादक सबलीकरण कार्यक्रम (बीउबिजन उत्पादक सबलीकरण कार्यक्रम/ बीउ बिजन आत्मनिर्भर कार्यक्रम समेत) ........ 20

२३. एक विद्यालय १० जडिबुटी र फलफुलको बोट कार्यक्रम ........ 22

२४. एक घर दुई फलफुलको बोट कार्यक्रम ........ 23

२५. कृषक क्षमता अभिवृद्धि कार्यक्रम ........ 24

२६. उन्नत बीउ वितरण तथा प्रयोग अनुदान कार्यक्रम (गहुँ/धान/ मकै/तरकारी/दलहन/ तेलहन बीउ वितरण) . 26

**२७. कृषि आधुनिकीकरण तथा कृषि यन्त्रीकरण कार्यक्रम (कृषि यन्त्रीकरण सँग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरु समेत)** ........ 27

२८. खेति प्रवर्द्धन कार्यक्रम ( फुल, तरकारी, मसलाबाली, खायन आलु, जैविक खेति लगायत सम्पूर्ण) ........ 29

२९. स्थानीय पकेट स्थापना कार्यक्रम: (हरियो मकै पकेट विकास कार्यक्रम समेत) ........ 31

३०. कृषि उपज प्रदर्शनी मेला तथा मध्यविन्दु लोकल फुड फेस्टिवल ........ 32

३२. फलफुल बगैंचा विस्तार तथा पुरानो बगैंचा सुधार कार्यक्रम ........ 34

३३. सिकाई केन्द्र स्थापना तथा संचालन ........ 38

**३३. विविध:** ........ 40

अनुसूची-०१ ........ 41

अनुसूची-०२ ........ 42

अनुसूची-०३ ........ 43

अनुसूची-०४ ........ 45

अनुसूची-५ ........ 46

## परिच्छेद-०१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यस निर्देशिकाको नाम "स्थानीय कृषि विकास कार्यक्रम सञ्चालन निर्देशिका " रहेको छ।

१.२ यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा**

२.१ "निर्देशिका" भन्नाले मध्यविन्दु नगरपालिकाको ‘‘स्थानीय कृषि विकास कार्यक्रम सञ्चालन निर्देशिका,’’ सम्झनुपर्दछ ।

२.२ ‘‘नगरपालिका’’ भन्नाले मध्यविन्दु नगरपालिका सम्झनुपर्दछ ।

२.३ ‘‘नगर कार्यपालिका" भन्नाले मध्यविन्दु नगरपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

२.४ ‘‘नगर प्रमुख ’’ भन्नाले मध्यविन्दु नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ ।

२.५ " नगर उपप्रमुख ’’ भन्नाले मध्यविन्दु नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्दछ ।

२.६ ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले मध्यविन्दु नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

२.७ ‘‘कार्यालय ’’ भन्नाले मध्यविन्दु नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

२.८ ‘‘समिति ’’ भन्नाले निर्देशिकाको दफा ५(१) बमोजिमको कृषि विकास निर्देशक समितिलाई सम्झनुपर्दछ ।

२.९ "शाखा" भन्नाले मध्यविन्दु नगरपालिकाको कृषि विकास शाखालाई सम्झनुपर्दछ ।

## परिच्छेद-२
## व्यवस्थापकीय पक्ष

**३. अनुदान उपलब्ध गराउन सक्नेः**

यस निर्देशिकाको परिच्छेद-३ मा उल्लेखित कार्यकमहरूको उद्देश्य, प्रमुख क्रियाकलापहरू र न्यूनतम शर्त/मापदण्ड/प्रासगिङ्क विषय अनुसार प्रसार सेवा, क्षमता अभिवृद्धि तथा आवश्यकता अनुसार व्यवसाय प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने र अनुदान उपलब्ध गराउन सक्नेछ।

**४. अनुदान रकमको सीमा र प्रतिशत:**

यस निर्देशिकाको परिच्छेद-३ मा उल्लेखित कार्यक्रमहरुको अनुदान रकमको सिमा र अनुदान प्रतिशत सम्बन्धीत कार्यक्रमको मापदण्डमा उल्लेख भए अनुसार हुनेछ। कार्यक्रमको मापदण्डमा उल्लेख भए बाहेकका कार्यक्रमहरुको अनुदानको सीमा र प्रतिशत  देहाय बमोजिम हुनेछ।

क. सार्वजनिक निकायबाट निर्माण गरिने कृषि पूर्वाधार निर्माण (सार्वजनिक कृषि पूर्वाधार ) को हकमा अधिकतम १०० प्रतिशत।

ख. कृषक समूह वा कृषि सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरू वा कृषि उद्यमी वा लागग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि पूर्वाधारहरू (सामुदायिक कृषि पूर्वाधार) को हकमा अधिकतम ८५ प्रतिशत।

ग. निजी एवं व्यावसायिक प्रयोजनका कृषि पूर्वाधारहरू (निजी कृषि पूर्वाधार) को हकमा अधिकतम ५० प्रतिशत।

घ. प्रविधि प्रसार, वाली संरक्षण, माटो सुधार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १०० प्रतिशत ।

**५. कृषि विकास निर्देशक समितिः**

(१) कार्यक्रम सञ्चालन, लाभग्राही छनोट तथा अनुदान प्रवाहको प्रक्रियालाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ :

क. नगर उप प्रमुख - संयोजक

ख. आर्थिक विकास समिति संयोजक- सदस्य

ग. नगर प्रमुखले तोकेको २ जना कार्यपालिका सदस्य (१ महिला सहित) - सदस्य

घ. योजना शाखा प्रमुख- सदस्य

ङ. खरिद इकाईको संयोजक- सदस्य

च. कृषि विकास शाखा प्रमुख- सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा तीन जनासम्म विषय विज्ञ वा सरोकारवाला निकायका प्रमुख वा प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क. कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने

ख. कार्यक्रमको सम्बन्धमा विभिन्न निकायहरु सँग समन्वय गर्ने

ग. कार्यक्रम कार्यान्वयनको समीक्षा तथा मूल्याङ्कन गर्ने

घ. निर्देशिकामा संसोधन गर्नु पर्ने भएमा कार्यपालिका समक्ष सिफारिस गर्ने

ङ. कार्यक्रम सञ्चालनका सम्बन्धमा आइपरेका समस्याहरूको सम्बोधन तथा समाधानमा सहजीकरण गर्ने

च. यस निर्देशिका अनुसार गर्नु पर्ने अन्य आवश्यक कार्यहरू गर्ने तथा गराउने

४) निर्देशक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकतानुसार बस्नेछ ।

(५) निर्देशक समितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

६) निर्देशक समितिको बैठकमा प्रचालित खर्च मापदण्डको सीमा भित्र रही बैठक भत्ता तथा खाजा खर्च उपलब्ध गराउन सकिनेछ ।

**६. माग सङ्कलन:**

१) यस निर्देशिका बमोजिमका कार्यक्रममा सहभागी हुन लक्षित वर्गबाट माग सङ्कलनको लागि सूचना प्रकाशन गरिनेछ ।

(२) निर्देशिकाको परिच्छेद-३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड पुरा गर्ने गरी ईच्छुक निवेदकले सूचनामा तोकिए वमोजिम आवेदन पेश गर्नुपर्नेछ ।

**७. लाभग्राही छनौट:**

(१) कार्यक्रमहरू अन्तर्गत अनुदान प्रदान गरिने कृयाकलापहरूको लागि प्राप्त प्रस्तावहरु समितिले मूल्याङ्कन र छनौट गरि सम्झौताको लागि सिफारिस गरिनेछ । तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने कृषि प्रसार सम्बन्धी कृयाकलापहरू यस निर्देशिकाको अधिनमा रहि आवश्यक विधि निर्धारण गरी कार्यालयले सञ्चालन गर्न सक्नेछन् ।

(२) समितिले लाभग्राही छनौटको लागि मापदण्ड निर्धारण र मूल्याङ्कनको विधि निर्धारण गरी मूल्याङ्कनकर्ता तोकि जिम्मेवारी दिन सक्नेछ।

**८. अनुदान प्रवाह:**

(१) कार्यालयले यस निर्देशिका बमोजिम छनौट भएका लाभग्राहीले सञ्चालन गर्नुपर्ने कृयाकलाप, सो को 'समय सीमा एवं लाभग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी अनुसूची-३ अनुसार लाभग्राहीसँग सम्झौता गर्नेछ ।

(२) दफा ८ (१) अनुसार भएको सम्झौता बमोजिम कार्य सम्पादनको आधारमा लाभग्राहीले अनुदान रकम भुक्तानी प्राप्त गर्नेछ ।

(३) सम्झौता बमोजिम लाभग्राहीको तर्फबाट व्यहोर्नु पर्ने रकमको सुनिश्चितताको लागि आवश्यकता अनुसार सम्झौता गर्नु अघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम वरावरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैङ्क ग्यारेन्टी वा जगेडा कोष वा पूँजी प्रमाणित हुने कागजपत्र) कार्यालयमा पेश गर्नुपर्नेछ।

(४) कृषिजन्य सामग्रीहरु खरिद कार्य लाई सहज बनाउन नगर दररेट एवं जिल्ला दररेटमा उल्लेख नभएका माग भएको सामग्री र उपकरणको आधार, गुणस्तर र प्रति एकाई मूल्यको सूचना माग गरी कम्तिमा ३ आपूर्ति कर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप सबैभन्दा कम दर रेटका आधारमा अनुदान रकम निर्धारण गर्न सक्नेछन । लाभग्राहीले सूची सार्वजनिक गरिएका आपूर्तिकर्तामध्ये आफूले चाहेको ब्राण्डको आपूर्ति कर्तावाट तोकेको मूल्य तिरी सामग्री वा उपकरण खरिद गर्न सक्नेछ। यस क्रममा वस्तु सामग्री वा उपकरणको गुणस्तर र मापदण्ड स्वीकृत भएको हुनुपर्दछ। यसरी खरिद गरेको अवस्थामा अनुदानको रकम कार्यालयले निर्धारण गरेको भन्दा बढी हुने छैन ।

**९. अनुदानको भुक्तानी :**

(१) नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै लाभग्राहीको बैंक खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए वमोजिम हुनेछ । कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा लाभग्राहीलाई अन्तिम भुक्तानी गरिनेछ ।

**१०.कार्यकम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन:**

(१) विवरण प्रकाशन गर्नुपर्ने: कार्यक्रम संचालनको लागि छनौट भएको क्षेत्र, कलष्टर, छनौट भएको विषय, लाभग्राहीसँग भएको सम्झौताको विवरण कार्यालयले नियमित अध्यावधिक गरी प्रकाशन गर्नेछ ।

(२) प्रगति प्रतिवेदन तयार गर्नेः कृषि विकास शाखाले अनुसूची-५ बमोजिमको त्रैमासिक एबं वार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) अनुगमन र मूल्याङन: सम्बन्धित प्राविधिक कर्मचारीबाट कार्यक्रमको नियमित अनुगमन गरिनेछ। समितिले आवश्यकता अनुसार सम्बन्धित विज्ञ एवं पदाधिकारीहरु समेत आमन्त्रण गरी कार्यक्रमहरुको अनुगमन गर्न सक्नेछ।

## परिच्छेद-३
## कार्यक्रम संचालन विधि तथा प्राविधिक पक्ष

**११.तथ्याङ्क सङ्कलन तथा मल कार्ड वितरण:**

मध्यविन्दु नगरपालिका मात्र नभई देशका अधिकंश स्थानीय तहहरु रासायनिक मलको व्यावास्थपनको लागि प्रयासरत छन । ३३ प्रतिशत खेति योग्य भुमि भएको यस नगरपालिकामा पनि विभिन्न समयमा सिमित मात्रामा रासायनिक मल प्राप्त हुने गरेको छ। यसरी प्राप्त भएको रासायनिक मलको वितरण व्यवस्थापनको लागि विभिन्न प्रयासहरु भइ रहेका छन त्यसमा एउटा प्रयास स्वरूप यस मध्यविन्दु नगरपालिकाले तथ्याङ्क सङ्कलन तथा मल

कार्ड वितरण गरि रासायनिक मल वितरण व्यवस्थापन प्रणाली स्थापना गर्ने योजना साथ यस कार्यक्रमको तर्जुमा गरि लागु गरेको हो।

### ११.१. कार्यक्रमको उद्देश्य:

१. रासायनिक मल वितरण व्यवस्थापन प्रणाली लाइ प्रभावकारी बनाउने ।

२. प्राप्त रासायनिक मलको उचित प्रयोग सुनिश्चित गर्ने ।

३. मध्यविन्दु नगरपालिका भित्र कृषि क्षेत्रको विभिन्न तथ्याङ्कहरु सङ्कलन गर्ने ।

### ११.२. कार्यक्रम सञ्चालन विधि:

१. मध्यविन्दु नगरपालिकाले यस कार्यक्रम सञ्चालन गर्नुपूर्व कार्यक्रमको लागि आवश्यक तथ्याङ्क सङ्कलन फारम तथा मल कार्ड लगायत अन्य आवश्यक सामग्रीको छपाई गरि तयार गर्नु पर्नेछ।

२. तथ्याङ्क सङ्कलन तथा मल कार्ड वितरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम नगरपालिकाको स्थानीय रासायनिक मल वितरण व्यवस्थापन समिति मार्फत वडा समिति लाइ प्रदान गरिनेछ।

३. कार्यक्रम सञ्चालन १५ दिन पूर्व नै कार्यक्रमको सूची तयार गरि सोहि अनुसारको कार्यक्रम सूचना प्रकाशन गर्नुपर्ने छ। यसरी सूचना प्रकाशन गर्दा स्थानीय रेडियो तथा टेलिभिजनबाट समेत सूचना प्रवाह गर्नु पर्नेछ।

४. प्रत्येक वडामा तथ्याङ्क सङ्कलन तथा मल कार्ड वितरणका लागि क्याम्प सञ्चालन हुनेछ। यसरी क्याम्प सञ्चालन गर्दा छुटेका कृषकले मध्यविन्दु नगरपालिकाबाट तथ्याङ्क सङ्कलन फारम भरि मल कार्ड प्राप्त गर्न सक्नेछन।

५. मल कार्ड प्राप्त गरेका कृषकले मात्र रासायनिक मल प्राप्त गर्ने छन। विक्रेताले वितरण गरेको सम्पूर्ण विवरण मल कार्डमा उल्लेख गर्नुका साथै मल वितरण व्यवस्थापन प्रणालीमा प्रविष्टी गर्नु पर्नेछ।

६. कृषकले मल कार्ड प्राप्त गरि सके पश्चात रासायनिक मल खरिद गर्नको लागि लालपुर्जा तथा नागरिकताको प्रतिलिपि आवश्यक पर्ने छैन ।

७. वडा समितिले मल वितरणको लागि बिक्रेतालाइ जमिन अनुसारको दर (उदाहरण: प्रति कठ्ठा १ के जी) निर्धारण गरि बिक्रेतालाइ वितरण परिमाण तोक्न सक्नेछ। यसरी दर तोक्दा लक्षित बालीहरुलाइ प्राथमिकता अनुसार दर तल माथि गरि तोक्न सकिने छ। वडा समिति बाट तोकिएको भन्दा बढीको दरले कुनै पनि बिक्रेताले रासायनिक मलको बिक्री वितरण गर्न पाउने छैन।

८. रासायनिक मल वितरण व्यवस्थापन तथा तथ्याङ्क सम्बन्धी जानकारी कृषि विकास शाखा मार्फत प्रतिवेदन तयार गरि प्रकासन गरिनेछ।

### ११.३. खर्चको मापदण्ड:

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | अभिमुखिकरण कार्यक्रम (नगर/वडा स्तरीय) | बजेटको ४० प्रतिशत सम्म |
| २. | आवश्यक छपाई | बजेटको ४० प्रतिशत सम्म |
| ३. | तथ्यांक संकलन तथा रासायनिक मल वितरण व्यवस्थापन प्रणाली स्थापना (सफ्टवेयर खरिद सहित) | बजेटको १०० प्रतिशत सम्म |

## १२.माटो परीक्षण तथा कृषि चुन वितरण (कृषि चुन वितरण सम्बन्धि सम्पूर्ण कार्यक्रमहरु):

विगत लामो समय देखि यस मध्यविन्दु नगरपालिकाको समथर क्षेत्रमा रासायनिक मलको प्रयोग हुँदै आईरहेको छ। रासायनिक मलको बढ्दो प्रयोग संगै उत्पादनमा वृद्धि भएता पनि रासायनिक मलको प्रयोगको कारणले माटोको अम्लीयपना बढ्दो क्रममा रहेको छ। समयमा मल प्राप्त नहुनु र प्राप्त भएको बेलामा अनियन्त्रित प्रयोग हुनुले समस्या थप जटिल बन्दै गएको छ। विभिन्न समयमा भएका माटो परीक्षणले यस क्षेत्रमा माटोको सरदर अम्लियपन ६ भन्दा कम रहेको देखाउँछ। यसले भविष्यमा उत्पादन प्रणालीमा समस्या सिर्जना गर्ने हुनाले माटोको अम्लियपन वृद्धि र उत्पादन क्षमता ह्रास हुन बाट जोगाउन यो कार्यक्रम सञ्चालन गरिने छ ।

### १२.१ कार्यक्रमको उद्देश्य:

१. माटोमा रासायनिक मलको प्रयोग बाट हुने अम्लीयपना न्यूनीकरण गर्ने

२. माटोको उर्बरता जोगाउने

### १२.२. कार्यक्रम सञ्चालन बिधि:

१. यो कार्यक्रम विभिन्न जिल्ला, प्रदेश तथा केन्द्र स्तरीय प्रयोगशाला तथा कार्यालयहरुको समन्वयमा सञ्चालन गरिनेछ ।

२. यस कार्यक्रमले घुम्ती माटो परीक्षण शिविर तथा कृषि शाखामा मिनी ल्याब बाट हुने माटो परीक्षण समेत लाइ समेट्ने छ।

३. परीक्षण भएका माटोको नमुना बाट प्राप्त हुने प्रतिफलको लिखित प्रतिवेदन कृषकलाइ प्रदान गर्नु पर्नेछ।

४. प्रतिवेदन अनुसार वा कुनै मान्यता प्राप्त प्रयोगशालाबाट प्राप्त प्रतिवेदन सहित कृषकले कृषि विकास शाखामा निशुल्क प्रदान गरिने कृषि चुनको माग गर्न निवेदन पेश गर्नु पर्नेछ।

५. प्रतिवेदनमा सिफारिस गरिएको कृषि चुनको दर तथा जग्गाको विवरणको आधारमा कृषकलाइ निशुल्क रुपमा कृषि चुन उपलब्ध गराईनेछ। तर एक कृषकलाई प्रति कठ्ठा ३० के.जी का दरले वा अधिकतम एकमुष्ठ ५०० के.जी. सम्म कृषि चुन प्रदान गर्न सकिनेछ।

६. यस कार्यक्रम अन्तर्गत वितरण गरिने कृषि चुन शाखाले प्रचलित ऐन तथा कानुन बमोजिम प्राप्त बजेटको परिधि भित्र रही खरिद गर्नेछ ।

७. निवेदन तथा माटो जाँच प्रतिवेदनका आधारमा निवेदकलाइ शाखाले कृषि चुनका साथै प्रयोगका लागि प्राविधिक परामर्श प्रदान गर्नेछ।

८. शाखाले माटो परीक्षणमा आधारित कृषि चुन सहयोग कार्यक्रमका लागि प्राप्त बजेटको परिधि भित्र रही कृषि चुन खरिद गरि भण्डारण गर्न सक्नेछ।

### १२.३. खर्चको मापदण्ड:

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | घुम्ती शिविर सञ्चालन | प्राप्त बजेटको ८० प्रतिशत सम्म |
| २. | निशुल्क वितरणको लागि कृषि चुन खरिद | प्राप्त बजेटको १०० प्रतिशत सम्म (घुम्ती शिविर कार्यक्रम सञ्चालन नहुने भएमा १०० प्रतिशत) |

## १३.माटो परीक्षण तथा अन्य परामर्श सेवाको लागि खरिद :

नगरपालिका भित्र कृषि प्रसार सेवालाइ प्रभावकारी बनाउन तथा कर्मचारीको क्षमता वृद्धि गर्न समय समयमा विभिन्न निकायबाट कार्यक्रमहरु सञ्चालन भइरहेको हुन्छ। रोग तथा किरा पहिचान गरि कृषकलाइ तिनीहरुको व्यवस्थापनमा सहयोग गर्नु कृषि प्रसारको एउटा मुख्य उद्देश्य हो। मध्यविन्दु नगरपालिकाबाट पनि रोग तथा किरा पहिचानमा सहजता होस् भन्ने उद्देश्यले कृषि ल्याब (माटो तथा रोग किरा परीक्षण हुने गरि) स्थापन गरेको छ। सो ल्याबको कार्य क्षमता विस्तार गर्दै जाने साथै कृषि विकास शाखामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्नुका साथै आवश्यक ल्याब उपकरण तथा सामग्री खरिदको लागि यस कार्यक्रमको तर्जुमा गरि सञ्चालन गरिने छ।

### १३.१ कार्यक्रमको उद्देश्य:

१. कृषि विकास शाखामा स्थापना भएको कृषि ल्याबको क्षमता अभिवृद्धि गर्नु
२. ल्याब तथा शाखामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्नु
३. कृषि प्रसार सेवालाइ थप प्रभावकारी बनाउनु

### १३.३. कार्यक्रम सञ्चालन बिधि:

१. यस कार्यक्रम विभिन्न सेवा प्रदायक संस्थाको सहकार्यमा सञ्चालन गर्न सकिनेछ।
२. यस कार्यक्रमको लागि शाखाले प्रथम चरणमा माटो परीक्षणको लागि आवश्यक सामग्रीको सुची तयार गर्नु पर्नेछ।
३. दोश्रो चरणमा ल्याब संग पहुँच नभएका स्थानहरुमा माटो परीक्षण तथा बाली शिविर सञ्चालनको आवश्यकता भए नभएको पहिचान गर्नु पर्नेछ ।
४. तेश्रो चरणमा शाखामा काम गर्ने कर्मचारीको क्षमता अभिवृद्धि गर्नको लागि आवश्यक कार्यक्रमको तर्जुमा गर्नु पर्नेछ।
५. माथिका तीन चरणहरु बाट पहिचान भएका आवश्यकताहरुको पूर्ति गर्न प्राप्त बजेटको परिधि भित्र रही प्रस्तावना स्विकृत गर्नु पर्नेछ।
६. प्रस्तावना स्विकृत गरी फिल्डमा देखा पर्ने विभिन्न समस्याको पहिचानको लागि कुनै निजि कृषि अनुसन्धान गर्न संस्था तथा प्रयोगशाला संग सहकार्य समेत गर्न सकिनेछ।

### १३.४. खर्चको मापदण्ड:

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | प्रयोगशाला सामग्री खरिद | दोश्रो र तेश्रो चरणका कार्यक्रमहरु आवश्यक नभए वा पहिलो चरणमा अत्यावश्यक सामग्री खरिद गर्नु पर्ने भएमा प्राप्त बजेटको १०० प्रतिशत सम्म |
| २. | बाली शिविर सञ्चालन | प्राप्त बजेटको ३० प्रतिशत सम्म (बाली शिविर सञ्चालनको विधि पालना गरि सञ्चालन गर्नु पर्नेछ) |
| ३. | परामर्श सेवा (कर्मचारी क्षमता अभिवृद्धि तथा रोग तथा किरा पहिचान) | प्राप्त बजेटको ३० प्रतिशत सम्म |

## १४.विषादी प्रयोग सम्बन्धि सचेतना कार्यक्रम:

हाम्रो खाद्यान्न, बोट बिरुवाहरु तथा कृषकले लगाएका बालीहरुको वृद्धि विकास, उत्पादन, भण्डारण तथा गुणस्तरमा ह्रास ल्याउने रोग, किरा तथा झारपात नियन्त्रण गर्नको लागि प्रयोग गरिने रसायनयुक्त पदार्थ नै रासायनिक विषादी हो। यस्ता किसिमका रासायनिक विषादीले वातावरण तथा मानव स्वास्थ्यमा विभिन्न नकारात्मक असरहरु गर्दछन। लक्षित गरिए बाहेकका लाभदायक जिवहरुमा प्रतिकुल प्रभावका साथै अस्तित्व नास, माटो, वायु तथा जल प्रदूषण, जैविक विविधताको ह्रास, मौसम परिवर्तन, खाना तथा वातावरणमा विषादीको अवशेष रहनु आदि रासानियक विषादीको नकारात्मक असरहरु हुन्।

रासानियक विषादीको प्रयोग तथा व्यवस्थापनको ज्ञान तथा सीपको कमिका कारण सुरक्षित खाद्य वस्तुको अवस्था दिनानुदिन खस्किदो क्रममा छ। विषादी भनेको विष हो, औषधि होइन भन्ने तथ्य प्रत्येक कृषक लाई जानकारी गराउनका लागि शाखा मार्फत विषादी प्रयोग सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन गर्नेछ।

### १४.१. कार्यक्रम सञ्चालनको उद्देश्य

१. किसानहरुलाइ विषादी प्रयोग गर्ने सहि विधि बारे जानकारी गराउने

२. विषादी बाट सुरक्षित रहन आवश्यक सामग्रीहरु कृषकलाइ वितरण गर्ने

३. किरा तथा रोगको लागि एग्रोभेट द्वारा प्रदान गरिने प्रभावकारी विषादी पहिचान गर्न सहयोग गर्ने

### १४.२.कार्यक्रम सञ्चालन बिधि:

१. विषादी बिक्रि गर्ने एग्रोभेट तथा एग्रो फर्महरुलाई अनिवार्य रुपमा शाखामा सुचिकृत हुनका लागि १५ दिने सूचना प्रकासन गर्ने।

२. सुचिकृत हुन आएका फर्महरुको विषादी बिक्रेता प्रमाण पत्र भए नभएको यकिन गर्ने र सो प्रमाण पत्र नभएका फर्महरुलाइ विषादी विक्री वितरण गर्न नपाउने जानकारी गराउने।

३. यसरी सुचिकृत भएका फर्म संचालकहरुको शैक्षिक योग्यता, अध्ययन गरेको वर्ष तथा तालिम प्राप्त गरेको वर्षको आधारमा उनीहरुलाइ पुनर्ताजगी तालिमको आयोजना समेत गर्न सक्नेछ।

४. सुरक्षित विषादी प्रयोग तथा रोग-किरा सम्बन्धि जानकारी सहितको फ्लिप चार्ट वा सुरक्षित तरिकाले विषादी प्रयोग गर्ने सन्दर्भ सामग्री तयार गरि हरेक विषादी बिक्रेतालाइ प्रदान गरिनेछ। यस फ्लिप चार्ट तयार गर्दा किराका वयस्क अवस्था, लार्भा अवस्था तथा अन्य क्षति पुर्याउने अवस्था भएमा सो अवस्थाका किराको तस्विर राखि तयार गर्नुपर्नेछ।

५. फ्लिप चार्टलाइ हरेक विषादी बिक्रेताले अनिवार्य आफ्नो पसल अगाडी कृषकहरुले सजिलै देख्ने स्थानमा राख्नु पर्नेछ।

६. कृषकहरु सँग सहज पहुँच भएको स्थानीय रेडियो तथा टेलिभिजन मार्फत सुरक्षित विषादी सम्बन्धि सामग्री तयार गरि सम्प्रेषण गर्न सकिनेछ।

७. विभिन्न प्रकारका बालीहरुको पुरानो बगैँचा रहेको, बिगत लामो समय देखि खेति हुँदै आइरहेको र विषादीको प्रयोग हुने बाली पहिचान गरि सो क्षेत्रमा व्यक्तिगत सुरक्षा सामग्री (PPE) प्रदान गर्न सक्नेछ।

८. PPE खरिद गरि अत्यधिक विषादी प्रयोग हुने बाली लगाउने कृषक तथा स्थानका कृषकहरुलाइ वितरण गर्न सकिनेछ।

### १४.३ खर्चको मापदण्ड:

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | अडियो तथा भिडियो सामग्री उत्पादन तथा सम्प्रेषण | कृषि विकास शाखाले आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गरि संचालन गर्न सक्ने |
| २. | पुनर्ताजगी तालिम | |
| ३. | छपाई तथा फ्लेक्स निर्माण | |
| ४. | व्यक्तिगत सुरक्षा सामग्री (PPE) वितरण | |

## १५.करेसाबारी किट वितरण कार्यक्रम:

घरमै खाने उद्देश्यले बर्षै भरि ताजा तरकारी र मसला बालीहरु (जस्तैः लसुन, प्याज, अदुवा, बेसार, धनिया आदि) उत्पादन गर्न प्रयोग गरिने घर वरीपरीको जग्गालाई करेसाबारीको रुपमा बुझिन्छ। आफ्नो परिवारका सदस्यहरुलाई बर्षै भरि पुग्ने तरकारी र मसला बाली उत्पादनका लागि उपलब्ध भूगोल र मौसम अनुसार ती बालीका विभिन्न जातहरु करेसाबारीमा मिलाएर लगाउनु पर्छ। करेसाबारी आकार घरको परिवार संख्यामा भर पर्छ। जमिन खाली नराखी बहुतह तथा घुम्ती बाली प्रणाली अपनाएर खेती गर्न सकेमा २०० वर्ग मिटर (१० मिटर चौडाई र २० मिटर लम्बाई भएको) जग्गामा बनाईएको करेसाबारीले सामान्यतया ४-५ जना सदस्य भएको परिवारलाई आबश्यक पर्ने ताजा तरकारीहरु सजिलै उपलब्ध गराउन सक्छ।

अहिले हाम्रो भान्सामा भित्रिने अधिकांश सागसब्जी बजारबाट आयात हुन्छ। व्यवसायिक ढंगले गरिने खेती बालीमा रासायनिक मलखाद, किटनाषक औषधी प्रयोग गरिन्छ। खानेकुरामा प्रयोग गरिने यस्ता रसायन सोझै हाम्रो शरीरमा भित्रिन्छ। क्यान्सर, मिर्गौलाको रोग, मुटु रोग जस्ता समस्याको कारण अहिले हामीले खाने यस्तो विषाक्त सागसब्जी भएको विभिन्न अध्ययनले प्रमाणित गरेको छ। यस्ता समस्याबाट छुटकारा तथा शारीरिक रुपमा पनि अब्बल हुन जैविक पद्दतिको अबलम्बन गरि करेसाबारी बनाउन अत्यावश्यक भएको छ।

### १५.१ कार्यक्रम सञ्चालन बिधि:

१. शाखाले करेसाबारी किट वितरणमा सहभागी हुन इच्छुक कृषक समूह, कृषि सहकारी तथा दर्ता भएका टोल विकास संस्था बाट आफ्मो वडा कार्यालयमा किट मागको निवेदन पेश गर्नका लागि १५ दिने सूचना प्रकाशन गरिनेछ।

२. निवेदन पेश गर्ने निकायको संस्था दर्ता/ नवीकरण गरेको हुनुपर्नेछ भने निवेदन पेश गर्दा निवेदक संस्थाको समितिको निर्णयको प्रतिलिपि र दर्ता प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

३. शाखाले समितिको निर्णय अनुसार बजेटको सिमा र तरकारीको बीउ तथा तिनका जात सहितको मूल्य सुची सूचना प्रकाशन गर्नु पूर्व वडा कार्यालयलाइ जानकारी गराईने छ।
४. शाखाबाट प्राप्त जानकारी बमोजिम वडाले नै बीउ तथा जातको छनोट गर्नुपर्नेछ।
५. बजेटको परिधिमा रही वडा कार्यालयले मागको विवरण संकलन गरी आवश्यक किटको परिमाण र किटमा आवश्यक बीउको विवरण सहित शाखामा माग गर्नेछ।
६. वडा कार्यालयबाट प्राप्त मागको आधारमा शाखाले करेसाबारी किट वडा कार्यालयलाइ उपलब्ध गराउनेछ।
७. शाखाबाट उपलव्ध गराइएको करेसाबारी किट वडा कार्यालयले माग गर्ने टोल विकास संस्था, कृषक समूह तथा कृषि सहकारीलाइ उपलव्ध गराउन सक्नेछ।
८. तरकारीको किट प्रदान गर्दा करेसाबारी निर्माण गरेका कृषकलाइ प्राथमिकतामा राखेर भरपाई गरि कृषक समूह तथा कृषि सहकारी वा दर्ता भएका टोल विकास समिति मार्फत निशुल्क वितरण गरिनेछ।

**१५.३ खर्चको मापदण्ड:**

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | करेसाबारी किट खरिद | प्राप्त बजेटको १०० प्रतिशत किट खरिद गरि निशुल्क वितरणको लागि प्रदान गर्नुपर्नेछ। |

**१६.एकीकृत पशु तथा कृषि विकास केन्द्र स्थापना कार्यक्रम:**

कृषि क्षेत्रको समग्र विकास कृषि प्रसारबाट मात्र सम्भव छ। कृषि भित्रका दुई क्षेत्र बाली र पशुपन्छी पालन सम्बन्धी खोज तथा अनुसन्धान भइ रहेका हुन्छन। यस्ता खोज र अनुसन्धान दस्तावेजमा मात्रै सिमित भएका छन। त्यसै गरि कृषकलाइ विभिन्न समयमा विभिन्न सल्लाह सुझावको आवश्यकता पर्दछ। सल्लाह सुझाब तथा ज्ञानको कमिका कारण कृषकहरुले बेला बखतमा क्षति व्यहोर्नु परिरहेको छ। यस्ता क्षतिहरु कहिले पूर्ण बाली प्रणाली बाट हुन्छ भने कहिले रोग किरा को समस्याले गर्दा हुन्छ। पहाडी तथा समथर भूभाग रहेको यस नगरपालिकामा शाखा सम्म कृषकहरुको समयमा पहुँच नपुग्दा यस्ता समस्याहरु न्यूनीकरणको प्रयास प्रभावकारी हुन सकेको छैन। कृषकहरु लाई परामर्श सेवा प्रदान गर्ने, कृषि प्रसार सेवालाइ थप प्रभावकारी बनाउने र शाखा सम्मको पहुँच विस्तार गर्न यस कार्यक्रमको तर्जुमा गरिएको हो।

**१६.१ कार्यक्रमको उद्देश्य:**

१. कृषकहरुलाइ पायक पर्ने स्थानबाट कृषि प्रसार तथा परामर्श सेवा प्रदान गर्नु ।
२. शाखा संग किसानहरुको सहज पहुच विस्तार गर्नु ।
३. शाखाको अन्य कार्यक्रमहरु सञ्चालनमा सहजीकरण ।

**१६.२ कार्यक्रम सञ्चालन बिधि:**

१. यस कार्यक्रम नगरपालिकाबाट सञ्चालन गरिनेछ।
२. यस कार्यक्रमको लागि आवश्यक जनशक्तिको पदपूर्ति नगरपालिकाको मापदण्ड अनुसार गर्नु पर्नेछ।
३. पशु सेवा शाखाले विस्तार गरेका सेवा केन्द्र मार्फत कृषि परामर्श प्रदान गर्न सोहि स्थानहरुमा पदपूर्ति भएका कृषि स्वयंसेवकलाइ खटाइनेछ भने आवश्यकता अनुसार शाखामा परिचालन गर्न सकिनेछ।

**१६.३ खर्चको मापदण्ड:**

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | कृषि स्वयंमसेवकको तलब भत्ता | प्राप्त बजेटको १०० प्रतिशत सम्म |

## १७.कृषि एम्बुलेन्स सञ्चालन कार्यक्रम

कृषि र पशुजन्य उत्पादन र ती उत्पादनका लागि आवश्यक सामग्री ढुवानी गर्ने साधनलाई कृषि एम्बुलेन्सका रूपमा परिभाषित गर्ने गरिछ। विपद र महामारीका वेला आम सहरी उपभोक्ताले कृषि र पशुजन्य उत्पादन महँगो मूल्यमा खरिद गर्नुपर्ने, गाउँमा उत्पादित कृषि तथा पशुजन्य उत्पादन खेर जाँदा किसानको लगानी, श्रम र मिहिनेत डुब्ने अवस्था आउन नदिन कृषि एम्बुलेन्स सञ्चालन गर्ने गरिन्छ। कृषि एम्बुलेन्स कृषि भुमि र सहर जोड्ने साधन र गाउँका उत्पादनको स्वाद सहरलाई चखाउने माध्यमका रुपमा लिन सकिन्छ।

नगरपालिकामा उत्पादित वस्तुहरुको बजारीकरण गर्न सहयोग गर्ने उदेश्यले नगरपालिकाले कृषक समूह वा कृषि सहकारीको साझेदारी मार्फत कृषि एम्बुलेन्स सञ्चालन गर्नेछ।

### १७.१ उद्देश्य

**१.** कृषकहरुको उत्पादन सहजतपुर्वक कृषि बजारसम्म पुर्याउने।

**२.** बजारीकरणको लागत घटाउने।

**३.** कृषि उपजको बजारीकरणमा बिचौलियाहरुको प्रभाव कम गराउने ।

### १७.२ कार्यक्रम सञ्चालन विधि

१. शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक नगरपालिका स्वामित्वमा रहेका र भविष्यमा सञ्चालन हुने कृषि उपज संकलन केन्द्र, कृषक समूह तथा सहकारीहरुलाई कम्तिमा १५ दिनको सूचना गरि निवेदन माग गर्नेछ।

२. प्राप्त निवेदनहरु कृषि विकास निर्देशक समितिले मुल्याङ्कन गरि अधिकतम अंक हासिल गरेकालाई छनौटको लागि नगर कार्यपालिका समक्ष पेश गर्नेछ।

३. कृषि विकास निर्देशक समितिबाट सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार नगर कार्यपालिका लाई हुनेछ।

४. कार्यक्रम कार्यान्वयन स्वीकृत कार्यक्रमको परिधि भित्र रही छनोट भएका लाभग्राही संग सम्झौता पश्चात नगरपालिका द्वारा कृषि एम्बुलेन्स खरिदको कार्यादेश प्रदान गर्नेछ।

५. कृषि एम्बुलेन्स खरिद गर्दा लाभग्राहीले सके सम्म नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार कृषि एम्बुलेन्स खरिदमा भन्सार छुट गरि खरिद गर्ने प्रयास गर्नुपर्नेछ।

६. खरिद गरिएको साधनको बिल भरपाई तथा विवरण साधन सम्बन्धी प्राविधिकले पुष्टी गरेका आधारमा, पेश भएको बिल बिजकको भुक्तानी गरिनेछ।

७. कृषि एम्बुलेन्स सञ्चालन सम्बन्धि अन्य शर्तहरु प्रचलित कानून बमोजिम र सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

**१७.३ मुल्याङ्कनको आधार**

| क्र.स | मुल्याङ्कनका आधार | अङ्क |
|---|---|---|
| क | प्रस्तावकको किसिम<br>१. संकलन केन्द्र भएको सहकारी/ समूह<br>२. संकलन केन्द्र नभएको सहकारी/ समूह | ७०<br>५० |
| ख | प्रस्तावक संग कृषि एम्बुलेन्स सञ्चालनका लागि दक्ष जनशक्ति<br>१. कृषि एम्बुलेन्स सञ्चालनका लागि दक्ष जनशक्ति भएको<br>२. कृषि एम्बुलेन्स सञ्चालनका लागि दक्ष जनशक्ति नभएको | ३०<br>२० |
| | जम्मा | १०० |

**१७.४ खर्चको मापदण्ड**

यस कार्यक्रम अन्तर्गत नगरपालिकाले विनियोजित बजेटको परिधि भित्र रही कृषि एम्बुलेन्सको रुपमा प्रयोग गर्नका लागि नगरपालिका स्वमित्वमा रहेका कृषि उपज संकलन केन्द्रलाई सत प्रतिशत अनुदान र अन्य साझेदार संस्था कृषक समूह, कृषि सहकारी लाई सत्तरी प्रतिशत अनुदानमा कार्यपालिकाको निर्णय बमोजिमको सवारी साधन उपलब्ध गराउनेछ।

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | कृषि एम्बुलेन्स सञ्चालनको लागि ४ पांग्रे साधन खरिद | प्राप्त बजेटको १०० प्रतिशत सम्म |

**१८.एक वडा एक उत्पादन क्षेत्र स्थापना कार्यक्रम**

यस नगरपालिका भित्र विभिन्न किसिमका बालीहरुको व्यावसायिक उत्पादनको सम्भावना देखिन्छ। सम्भावना भएको साथै उत्पादन पनि हुदै आएको छ तर त्यो खेति र उत्पादनले व्यावसायिक रुप भने लिन सकिरहेको छैन। त्यसै सम्भावनालाई मध्यनजर गर्दै यस क्षेत्रमा सम्भावित क्षेत्र भित्र निर्वाहमुखी खेति प्रणालीलाई क्रमश व्यावसायिक खेति तथा उत्पादन तर्फ अग्रसर बनाउने उदेश्यले यस एक वडा एक उत्पादन क्षेत्र स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

**१८.१ कार्यक्रमको उद्देश्य**

१. कृषि क्षेत्रको आधुनिकरणमा योगदान पुर्याउने एक वडा एक उत्पादन क्षेत्रहरु बिकास गरि छनोट गरिएको बाली/बस्तुहरुको उत्पादन र उत्पादकत्व बृद्दि तथा रोजगारी सिर्जना गरि कृषकहरुको आम्दानी बृद्दि गर्ने।
२. लक्षित बालीहरुको उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाउने।

**१८.२ कार्यक्रम सञ्चालन विधि:**

१. उत्पादन क्षेत्र निर्माणको लागि शाखाले सूचना मार्फत कृषि समूह/कृषि सहकारी/कृषि फर्म वा उद्धमीलाई प्रस्ताब पेश गर्न आव्हान गर्नेछ। प्रस्ताब पेश गर्दा यस कार्यक्रम सञ्चालन विधि बमोजिमको पकेट क्षेत्रको लागि एउटा वा सो भन्दा बढी समूह वा फर्मले संयुक्त रुपमा निवेदन पेश गर्न सक्नेछन्।
२. प्रस्ताब/निवेदन बमोजिम प्राविधिक सम्भाव्यता, उत्पादनको हालको अवस्था, कृषक समूह/कृषि सहकारी/कृषि उद्धमीको सक्रियताको आधारमा कम्तिमा एक वडा एक उत्पादन क्षेत्र छनौट कृषि विकास निर्देशक समितिले गर्नेछ ।
३. समितिले आवस्यकता अनुसार विभिन्न विषयका जानकार व्यक्तिहरु बैठकमा आमन्त्रण गर्न सक्नेछ। समितिले छनौटको बिधि आफै तय गर्न सक्नेछ।
४. सूचना मार्फत संकलन भएका निवेदन मध्ये स्थानीय तथा प्राविधिक सम्भाव्यताको आधारमा पकेट क्षेत्र निर्धारण गरिनेछ । कृषि ज्ञान केन्द्र वा अन्य परियोजना बाट सञ्चालन भएका पकेट क्षेत्र भन्दा अन्य क्षेत्र लाई प्राथमिकता दिनुपर्नेछ।
५. माथि जे भनिएता पनि बालीहरु रोप्ने समय फरक फरक हुने हुदा सूचना बाहेक अन्य समयमा कृषक फर्म/कृषक समूह/जल उपभोक्ता समितिको माग अनुसार अवस्था हेरी कृषि प्राविधिकले उक्त क्षेत्र उचित देखेमा पकेट सञ्चालन समन्वय समिति गठन गरि प्राविधिक समिति बाट अनुमोदन गरि कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
६. दुई वा सो भन्दा बढी संस्था (कृषि फर्म, कृषक समूह तथा कृषि सहकारी)ले संयुक्त निवेदन पेश गरेको खण्डमा यस कार्यक्रम सञ्चालनका लागि सो संस्थाहरु बाट ५ सदस्य रहेको समिति गठन हुनेछ। साथै एक मात्र निवेदक भएमा सोहि संस्थाको कार्य समिति वा संचालक द्वारा कार्यक्रम सञ्चालन गरिनेछ।
७. कार्यक्रममा छनौट भए पश्चात कुनै संस्था वा उद्यमीहरु कार्यक्रममा सहभागी हुन चाहेमा छनोट हुने संस्थामा निवेदन पेश गरि सोहि संस्थाको निर्णयबाट कार्यक्रममा सहभागी  गराउन सक्नेछन् ।

**१८.३ उत्पादन क्षेत्र तथा लाभग्राही छनौट प्रक्रिया**

१. प्रस्ताव वा पेश भएका निवेदनहरुबाट लाभग्राही छनौट गर्ने अधिकार समितिलाई हुनेछ । छनौटको निर्णय गर्दा वडा कार्यालयका प्रतिनिधिलाई समेत आमन्त्रित गरिनेछ ।
२. छनोटको लागि तपशिल बमोजिमको मुल्यांकनको आधारहरु हुनेछन ।
    क. खेति भएको वा सम्भावना राम्रो भएको स्थान - अधिकतम २५ अङ्क
    ख. प्रस्ताव पेश गर्ने संस्थाको प्रकृति तथा आर्थिक प्रस्ताव (कृषि सहकारी/कृषक समूह/फर्म) - अधिकतम २५ अङ्क
    ग. लाभान्वित घर धुरी - अधिकतम २५ अङ्क
    घ. खेति हुने क्षेत्रफल- अधिकतम २५ अङ्क

### १८.४ खर्चको मापदण्ड

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | बीउ बिजन खरिद | ७५ प्रतिशत अनुदान |
| २. | फर्म मेशिनरी तथा औजार खरिद | ५० प्रतिशत अनुदान |
| ३. | सिचाई संरचना निर्माण | ५० प्रतिशत अनुदान |
| ४. | क्षमता अभिवृद्धि तथा ढुवानी | १०० प्रतिशत अनुदान |
| ५. | विषादी खरिद | ४० प्रतिशत अनुदान (जैविक विषादी तथा ट्र्यापमा ६० प्रतिशत) |

## १९.कृषि उपज संकलन केन्द्र सबलीकरण कार्यक्रम

नेपालको समग्र अर्थतन्त्र र अधिकांस जनताको जिविकोपार्जन, आयआर्जन एवं रोजगारीको मूख्य आधारको रुपमा रहेको कृषि क्षेत्रले वढ्दो जनसंख्याको लागि आवश्यक कृषि उपजहरुको उत्पादन बृद्धि गर्न र आयात प्रतिस्थापन तथा निर्यात बृद्धि गर्न देशका तिनै तहका सरकार, मातहतका निकायहरु, कृषक, व्यवसायी एवं विभिन्न सहयोगी निकायहरुको क्रियासिलताले गुणस्तरिय उत्पादनमा बृद्धि हुँदै आएको छ ।

यस नगरपालिकाले छरिएर रहेका अधिकांस साना कृषकहरुको उत्पादनलाई एकिकृत गरि उनिहरुलाई सहजै बजार पहुँच पुर्याउन र यसमा सम्लग्न कृषक, व्यापारी, उपभोक्ता सवै पात्रहरुलाई स्वस्थ प्रतिस्पर्धात्मक रुपमा लाभान्वित गर्न व्यबस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्नु पर्ने आवश्यकता महसुस गरि स्थापना भएका कृषि उपज सङ्कलन केन्द्र तथा संचालन गर्ने संस्थाहरु विभिन्न कारणबाट प्रभावकारी हुन सकिरहेको छैनन्। त्यसैले सङ्कलन केन्द्रहरुलाई उपज सङ्कलन तथा बिक्रीको लागि सहज बातावरण सृजना गर्ने हेतुले यस कार्यक्रम संचालन गरिनेछ।

### १९.१ कार्यक्रम सञ्चालनको उद्देश्य

१. यस नगरपालिका भित्र स्थापना भएका कृषि उपज सङ्कलन केन्द्रको क्षमता अभिवृद्धि गर्ने ।
२. कृषि उपज सङ्कलन केन्द्र तथा संस्थामा बिक्रि वितरणको व्यवस्थापन प्रविधि मैत्री बनाउने ।
३. कृषि उपज सङ्कलन केन्द्रमा उपज सङ्कलन कार्यलाइ थप सहज र प्रभावकारी बनाउने ।

### १९.२ कार्यक्रम सञ्चालन विधि

१. यस निर्देशिका बमोजिम यस कार्यक्रममा सहभागी हुन चाहने कृषि उपज सङ्कलन केन्द्र तथा संस्थाहरुको लागि निवेदन दिन १५ दिनको म्याद दिई शाखाले सूचना प्रकाशन गर्नुपर्ने छ ।
२. उपदफा (१) बमोजिम अनुदान लिन चाहने कृषि उपज सङ्कलन केन्द्रले सूचनामा तोकिए बमोजिमका कागजात एव प्रमाण संलग्न गरी तोकीएको म्याद भित्र सम्बन्धित वडा कार्यालय वा शाखामा निवेदन दिनु पर्नेछ ।
३. निवेदन उपर छलफल तथा अध्ययन गरि लाभग्राही छनौटको लागि सिफारिस गर्ने जिम्मेवारी समितिको हुनेछ।

४. छनौट भएका कृषि उपज सङ्कलन केन्द्रले सम्झौता र प्रचिलत कानून बमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

### १९.३ अनुदान/खर्चको मापदण्ड

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | कृषि उपज सङ्कलन केन्द्रले पेश गरेको माग बमोजिमको कार्य (निर्माण बाहेक) | १०० प्रतिशत सम्म अनुदान / प्राप्त बजेटको १०० प्रतिशत सम्म |

## २०.कृषि व्यवसाय सबलीकरण कार्यक्रम

बढ्दो कृषि उत्पादनको माग तथा घट्दो कृषि पेशा प्रतिको आकर्षणले देशमा कृषि उत्पादन घट्ने सम्भावना देखिएको छ । विभिन्न समयमा स्थापना भएका कृषि फर्महरु बन्द गरि देशको युवा जनशक्ति वैदेशिक रोजगारीमा पलायन हुने समस्या यस नगरपालिकामा पनी बढ्दो रहेको अवस्थामा स्वदेशमा नै बसी कृषि क्षेत्रमा भविष्य खोजिरहनु भएका युवाहरुलाइ लक्षित गर्दै यस कार्यक्रम तर्जुमा गरि संचालन गरिदै छ।

### २०.१. कार्यक्रम सञ्चालनको उद्देश्य:

१. मध्यविन्दु नगरपालिका भित्र कृषि उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

२. युवाहरुलाई लक्षित गरी कृषि व्यावसाय कार्यक्रम सञ्चालनको माध्यमबाट रोजगारीका अवसर सृजना गरी कृषकको आयस्तर बृद्धि गर्ने ।

### २०.२. कार्यक्रम सञ्चालन विधि:

१. यस निर्देशिका बमोजिम यस कार्यक्रममा सहभागी हुन चाहने युवा कृषक लागि निवेदन दिन १५ दिनको म्याद दिई शाखाले सूचना प्रकाशन गर्नुपर्ने छ ।

२. उपदफा (१) बमोजिम अनुदान लिन चाहने कृषि फर्मले सूचनामा तोकिए बमोजिमका कागजात एव प्रमाण संलग्न गरी तोकीएको म्याद भित्र सम्बन्धित वडा कार्यालय वा शाखामा निवेदन दिनु पर्नेछ ।

३. निवेदन उपर छलफल तथा अध्ययन गरि लाभग्राही छनौटको लागि सिफारिस गर्ने जिम्मेवारी समितिको हुनेछ।

४. छनौट भएका कृषि उपज सङ्कलन केन्द्रले सम्झौता र प्रचिलत कानून बमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

५. कार्य सम्पन्न भए पश्चात सम्बन्धित शाखाको सिफारिसमा भुक्तानी गरिनेछ ।

### २०.३. मुल्यांकनको आधार:

यस कार्यक्रममा सहभागी हुन व्यवसायीले न्यूनतम १ बिगाहामा तरकारी खेति/ २ बिगाहामा फलफुल खेति वा ५० घर मौरी पालन गरेको हुनु पर्नेछ।

१. वैदेशिक रोजगार बाट फिर्ता भए - २५ अङ्क / नभएमा २० अङ्क

२. जग्गाको क्षेत्रफल तथा सिचाईको अवस्था- अधिकतम २५ अङ्क

३. माटो, जमिनको प्रकृति - अधिकतम २५ अङ्क
४. व्यावसायिकता र बजार सम्बन्धी ज्ञान र सीप - अधिकतम २५ अङ्क

**२०.४. अनुदान/ खर्चको मापदण्ड:**

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | बीउ बिजन खरिद | ७५ प्रतिशत अनुदान |
| २. | फर्म मेशिनरी तथा औजार खरिद | ५० प्रतिशत अनुदान |
| ३. | सिचाई संरचना निर्माण | ५० प्रतिशत अनुदान |
| ४. | क्षमता अभिवृद्धि तथा ढुवानी | १०० प्रतिशत अनुदान |
| ५. | विषादी खरिद | ४० प्रतिशत अनुदान (जैविक विषादी तथा ट्रयापमा ६० प्रतिशत) |
| ६. | फर्म संरचना निर्माण (पूर्वाधार निर्माण) | ४० प्रतिशत अनुदान |

## २१.बिमा क्याम्प सञ्चालन कार्यक्रम

कृषकहरुले बालीहरुको खेती गर्ने क्रममा विभिन्न कारणहरुले बालीहरुको हानी–नोक्सानी हुने अवस्था आउन सक्दछ, जसले गर्दा कृषि बाली उत्पादन गर्ने कृषक, समूह, सहकारी तथा व्यावसायिक संस्थाहरुलाई आर्थिक क्षति व्यहोर्न पर्ने हुन्छ । अतः खेती गरिएको बालीहरुको विभिन्न कारणहरुबाट हुने आर्थिक क्षतिको निराकरण का लागि गर्ने बीमालाई बाली बीमा भनिन्छ । बाली बीमा निर्जिवन बीमा अन्तर्गत पर्दछ । नेपालमा २०६९ साल माघ १ गते देखि संचालनमा रहेको बाली बीमालाई औपचारिक तथा कानुनी रुपमा लिइन्छ। नेपाल सरकारको निर्णय अनुसार कृषि बीमा गर्दा लाग्ने बीमा शुल्कमा अनुदान रकम नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था रहेको छ । यस्तो अवस्थामा पनि कृषकहरुको पहुँच बिमा अभिकर्ता सम्म पुग्न नसकेको र बिमाको जानकारी नभएको हुदा कृषकहरुलाइ बिमा अभिकर्ता सम्म पहुँच स्थापना गर्ने साथै बिमा प्रक्रियाको बारे जानकारी गराउने उद्देश्यले बिमा क्याम्प सञ्चालन गरिनेछ।

### २१.१. कार्यक्रम सञ्चालनको उद्देश्य:

१. कृषकहरुलाइ बाली तथा पशुपन्छी बिमा प्रकृया बारे जानकारी गराउने ।
२. कृषकहरुको बाली नालीमा हुने क्षतिको प्रभाव न्यूनीकरण गर्ने ।
३. बाली तथा पशुपन्छी बिमा गर्न कृषकहरुलाइ सहजीकरण गर्ने ।

### २१.२ कार्यक्रम सञ्चालन विधि

१. यस कार्यक्रम सञ्चालनको लागि शाखाले प्रचार प्रसार गर्नु पर्नेछ।
२. बिमा क्याम्प संचालनको लागि बिमा अभिकर्ता निमन्त्रणा गर्न सकिनेछ।
३. यस कार्यक्रम एक आर्थिक वर्ष भित्र सम्पूर्ण वडाहरुको प्रतिनिधित्व हुने गरि न्यूनतम ८ स्थानहरुमा संचालन गरिनेछ साथै सम्भव भएमा सम्पूर्ण वडाहरुमा संचालन गरिने छ।

### २१.३ खर्चको मापदण्ड

| क्र. स | विवरण | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १. | ब्यानर, पम्प्लेट तथा विज्ञापन खर्च | रु. ५,००० | |
| २. | चिया खाजा | रु.१५० (प्रति व्यक्ति) | |
| ३. | बिमा अभिकर्ताको पारिश्रमिक | रु. १६०० प्रतिदिन | प्रति कार्यक्रम २ जना सम्म |
| ४. | बिमा प्रदायक संस्थाको प्रतिनिधिको सहजीकरण भत्ता | रु. १२०० | बढीमा २ जना |
| ४. | यातायात | प्रचलित न्युन बजार दरमा | बिमा क्याम्प भएको स्थानमा जान र फर्किन |
| ५. | कार्यक्रम सञ्चालनका लागि सामग्री खरिद/भाडा | प्रचलित न्युन बजार दरमा | |
| ६. | मसलन्द (एकमुस्ट) | रु . ५००० | अनुगमन भत्ता सहित |

## २२. स्थानीय बीउ उत्पादक सबलीकरण कार्यक्रम (बीउबिजन उत्पादक सबलीकरण कार्यक्रम/ बीउ बिजन आत्मनिर्भर कार्यक्रम समेत)

बढ्दो जनसंख्याको खाद्यन्न माग पुरा गर्न कृषि क्षेत्रको विकास पनि सोहि अनुसार हुनुपर्छ र कृषि क्षेत्रको विकास समयानुसार केहि अघि बढी रहेको भएता पनि यो विकास अप्रयाप्त देखिन्छ। अप्रत्यासित रुपमा जनसंख्या बृद्धि भईरहेको बिध्यमान अवस्थामा भोलिको माग पुरा गर्न सोही अनुपातमा उत्पादकत्वमा अभिबृद्धि गरी कृषि उत्पादनमा थप बृद्धि ल्याउनु आवश्यक छ। यस लक्ष्य प्राप्तिको लागि उत्पादनका लागि आवश्यक तत्वहरु सिंचाई, मलखाद, बाली संरक्षणको अलावा उन्नत बीउको प्रयोजन अति नै महत्वपूर्ण छ।

स्तरीय बीउको प्रयोगबाट मात्र पनि उत्पादनमा १५ देखि २५ प्रतिशत सम्म बृद्धि हुने तथ्य पुष्टि भईसकेको छ। नेपालमा हाल बीउ आपूर्ति गर्ने विभिन्न श्रोतहरू मध्ये कृषकहरू नै अग्र पंक्तिमा पर्दछन्। नेपाली कृषकहरूमा परम्परागत ढंगले खेती गरिएको बालीबाट बीउ संचय गरी पुन प्रयोगमा ल्याउने चलन छ। यस्तो किसिमको बीउ उन्नत जातको भएता पनि बीउको आनुवंशिक गुणस्तरमा ह्रास भइ उत्पादनमा कमी भएको पाइन्छ। विद्यमान अवस्थामा कृषकले आफै संचय गरेको बीउमा उम्रने शक्ति र भौतिक शुद्धता न्यूनतम स्तरमा भएको पाइन्छ। कृषकहरूले प्रयोग गर्दै आएको बीउको गुणस्तर सुधार्न सकेमा हालको कृषिको उत्पादनमा करिब २०% ले बृद्धि गर्न सकिन्छ।

### २२.१. कार्यक्रम सञ्चालनको उद्देश्य:

१. बीउमा आत्मनिर्भर बनाउन कृषकहरूको सहभागितामा गुणस्तरीय बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी उचित मूल्यमा बीउको आपूर्ति समयमा गराउने।
२. कृषक समुदायमा गुणस्तरीय बीउको महत्व बारे जानकारी गराई यसको पय्रोग गर्न अभिप्रेरित गर्ने।
३. राष्ट्रिय बीउ बिजन समितीबाट उन्मोचित नयाँ जातका बीउको समयमै बृद्धि तथा प्रसारण गराई उत्पादन अभिबृद्धिमा सहयोग पुयाउने।
४. बीज बृद्धि कार्यक्रमलाई व्यवसायिकरण गर्ने तर्फ कृषक वा कृषक समूहलाई अभिप्रेरित गराउने।

**२२.२ कार्यक्रम सञ्चालन विधि**

१. शाखाले बीउ बिजनको महत्व एवं नगरपालिका भित्रका बीउ उत्पादन गर्न सकिने क्षेत्रहरू बारे कृषकहरूलाई जानकारी दिई उनीहरूलाई बीउ उत्पादन कार्यमा लाग्न प्रोत्साहित गर्ने ।

२. प्रोत्साहित कृषकहरूसंग छलफल गरी सोही समयमा सही कृषकहरूको पहिचान गरी कृषक समूह गठन गर्ने र बीउ बिजन कार्यक्रममा संलग्न गराउने । कृषक छनौट गर्दा बीउ संचय गर्न सक्ने, उत्पादन साधन प्रयोग गर्न सक्ने, सहयोगी भावना भएका किसान वा कृषक समुह हुनुपर्नेछ । यस छलफलमा प्राविधिक ज्ञानको साथ साथै बीउ उत्पादक कृषकहरूलाई उत्पादित बीउ खाद्यान्नमा प्रयोग नगरी बेच बिखन गर्नु पर्ने, वेच विखन कृषक आफैले वा कृषक समूहले नै गर्नु पर्ने जानकारी दिनु अति आवश्यक छ ।

३. विभिन्न हिउँदे र वर्षे बालीहरूको बीज बृद्धि कार्यक्रम सञ्चालन गर्न क्षेत्रफल तोके पश्चात् आवश्यक श्रोत बीउ (मूल बीउ र प्रथम पुस्ता बीउ) को जात तथा परिमाण निर्धारण गर्नेछ ।

४. छनौट गरिएका कृषकहरूको खेत जग्गामा सिंचाई सुविधा हुनुपर्दछ, बीउ उत्पादनका लागि प्रति कृषक समूह तराईमा दस कठ्ठाके प्लट हुनुपर्दछ । प्लट छनौट गर्दा समूहको निर्णयबाट एक भन्दा बढी कृषकहरूको प्लट (एक कृषक संग प्रयाप्त जमिन नभएको खण्डमा अन्य इच्छुक सधियर कृषक हरुलाइ समावेश गरि) वा एउटा मात्र कृषकलाइ पनि समावेश गर्नसकिनेछ ।

५. उन्नत बीउ उत्पादन, बीउ संकलन, प्रशोधन, सुरक्षित संचय, र बिक्री वितरण गर्ने तर्फ कृषक वा कृषक समूहलाई प्रोत्साहन गर्न आवश्यक सेवा टेवामा सहुलियत र सुविधाहरू प्रदान गर्ने ।

६. शाखाले सञ्चालन गर्ने विभिन्न शैक्षिक प्रदर्शन कार्यक्रमहरूको लागि मूल बीउ आवश्यक नभएको खण्डमा सञ्चालित बीज बृद्धि कार्यक्रमबाट उत्पादित प्रमाणित बीउलाई पनि प्रयोगमा ल्याउन सकिनेछ ।

७. बीज बृद्धि कार्यक्रमबाट उत्पादन गरिएको बाली, जात, बीउको स्तर, क्षेत्रफल, उत्पादन परिमाण र गुणस्तरको प्रतिवेदन आदि सम्पूर्ण विवरण हरेक बालीको कटानी पछि शाखामा पठाउनु पर्नेछ ।

८. बीउ बालीको गुणस्तर नियन्त्रण गर्न नगरपालिकाका तालिम प्राप्त प्राविधिकहरूले दुई पटक बीउ बाली निरीक्षण गर्ने ।

९. बीउ उत्पादक कृषकहरूलाई गुणस्तरयुक्त बीउ उत्पादनमा सहयोग पुर्याउन आवश्यकता अनुसार निम्न उपकरणहरू र सामग्रीहरूको व्यवस्था मिलाईनेछ ।

१०. चिस्यान जाँच गर्ने उपकरण (Moisture Meter)

१. बीउ छर्ने समयमा बीउ परीक्षण गर्न Petry Dish तथा Plastic Tray, जसमा माटो वालुवा राखि बीउ परीक्षण गर्न सकिन्छ ।

२. बीउको नमूना लिने (Seed Sampler)

३. बीउ उपचार गर्ने (Seed Treatment Drum)

४. विभिन्न बालीको बीउको नमूनाहरू राख्ने (Plastic Container)

५. Measuring Tape

६. तराजु (weighing machine)

७. बोरा (Sac)

८. आवश्यक विषादी तथा स्प्रे टंकी

९. मूल बीउ

लक्षत वर्गः बीउ उत्पादक कृषक/कृषक समुह/कृषक सहकारी

### २२.३ मुल्यांकनको आधार

क. बीउ उत्पादनको लागि प्रमाण पत्र भएका।

ख. भण्डारण गर्न सक्ने।

ग. उत्पादन साधन प्रयोग गर्न सक्ने क्षमता भएका।

घ. १० बिगाहा भन्दा बढी क्षेत्रफलमा बीउ उत्पादन गर्न सक्ने ।

### २२.४ अनुदान/खर्चको मापदण्ड

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | मूल बीउ खरिद | ८० प्रतिशत अनुदान |
| २. | बीउ भण्डारण तथा गुणस्तर कायम गर्ने कार्य सँग सम्बन्धित यन्त्रहरु | बोराको लागि ८० प्रतिशत र अन्य सामग्रीको लागि ५० प्रतिशत अनुदान |
| ३. | विषादी खरिद | ५० प्रतिशत अनुदान |
| ४. | कार्यालय सञ्चालनको लागि आवश्यक सामग्री (कम्पुटर/प्रिन्टर/स्टेसनरी) | ५० प्रतिशत अनुदान |

यस कार्यक्रम छनौट भएका उत्पादक कृषक/कृषक समुह/कृषक सहकारीलाई सम्झौता गरि अनुदान उपलब्ध गराउने। कृषक/कृषक समुह/कृषक सहकारीले सम्झौता बमोजिमको कार्य सम्पन्न पश्चात बिल भरपाई तथा आवश्यक कागजातहरुको आधारमा नगरपालिकाले बैंक खाता मार्फत भुक्तानी गर्नेछ।

## २३.एक विद्यालय १० जडिबुटी र फलफुलको बोट कार्यक्रम

बढ्दौ वातावरणीय समस्या, जलवायु परिवर्तन तथा उर्जा सङ्कट अहिले विश्वका जल्दाबल्दा चुनौतीहरूको रूपमा देखापरेका छन् । यस्ता समस्याहरू मानवजन्य क्रियाकलापले गर्दा नै प्रमुख रूपले निम्तिएको पाइन्छ | प्राकुत्तिक सोतहरूको अध्याधिक दोहन, विकासका नाममाभएका वनजङगलको विनाशा,मानववस्ती औधोगिक क्षेत्रको तिब्र बिस्तार, कृषिमा रासायनिक मलखाद तथा किटनाशक विषादीको जथाभावी प्रयोग जस्ता कार्यहरूले हाम्रो वरिपरि को हावा, पानी र जमिनमा नकरात्मक असर पुग्न गएको छ ।

यसले गर्दा जैविक विविधतामा ह्वास, गुणस्तरीय जीवनयापनमा कठिनाइ, आन्तरिक तथा देशहरू बिचमा द्वन्द्व आदि निम्तिरिहेका छन् । अहिले विश्वव्यापी रूपमा सिर्जित्त समस्याहरूको समयमै रोकथाम तथा समाधान गर्न मानवका क्रियाकलापमा सुधार हुनु आवश्यक छ । यस्ता सुधारका कार्यहरू विकासका हरैक क्षेत्रमा समावेश हुनुपर्दछ ।

आजका विद्यार्थीहरू भविष्यका कर्णधार भएकाले उनीहरूलाई वातावरण संरक्षणका अवधारणाहरूका बारेमा विद्यालय स्तरमै गहिरो सचेतना गराउन सकिएमा उनीहरू संरक्षणका सक्रिय संबाहक हुनसक्छन् । विद्यार्थीहरूको सर्वाङ्गीण विकास गर्न विद्यालयको अहम् भूमिका रहेको हुन्छ । यस कार्यक्रमले विद्यार्थीहरूको शिक्षण सिकाइलाई

थप प्रभावकारी बनाई विद्यालयमा खालि रहेका जमिनहरूको सदुपयोग गर्दै उनीहरूलाई शिर्जनशिल बनाउन मद्दत गर्नेछ

विद्यालयको क्षेत्रमा विभिन्न जातका जडिबुटी तथा फलफुल बगैचा विकासमार्फत पृथ्वीको बहन क्षमत्ता अभिवृद्धि गर्न, वातावरण प्रदुषणबाट जैविक विविधतामा परेको असर न्यूनीकरण गर्दै पारिस्थितिक पद्धतिमा सन्तुखन कायम गर्न, स्वच्छ एवम् हरित पृथ्वी भावी पुस्तालाई हस्तान्तरण गर्न, शिक्षाका माध्यमबाट विद्यार्थी तथा आम जनसमुदायमा वातावरण मैत्री व्यवहार विकास गर्न, दिगो विकासको लक्ष्य हासिल गर्नेका निम्ति यस कार्यक्रम संचालन गरिनेछ।

### २३.१. कार्यक्रम सञ्चालनको उद्देश्य

१. विद्यार्थीहरुलाइ फलफुल तथा जडिबुटी खेति र महत्व सम्बन्धी ज्ञान प्रदान गर्ने ।
२. विद्यालय वरपरको वातावरण सुधार गर्ने ।

### २३.२. कार्यक्रम सञ्चालन विधि

१. यस कार्यक्रम मध्यविन्दु नगरपालिकाको शिक्षा सम्बन्धी शाखाको सहकार्यमा सञ्चालन गरिनेछ।
२. शाखाले बिरुवा रोप्ने सिजन सुरु हुनु पुर्व शिक्षा शाखाबाट कार्यक्रम सञ्चालन हुने विद्यालयको संख्या तथा नामावली माग गर्ने ।
३. यसरी छनौट भएको विद्यालयमा वृक्षारोपणको लागि उपलव्ध जग्गाको विवरण तथा विरुवाको प्राथमिकता जानकारी गराउनु पर्नेछ ।
४. यसरी प्राप्त भएको विवरणको आधारमा शाखाले विरुवा खरिद गरी विद्यालयमा जडिबुटी तथा फलफुलको बेर्ना/बीउ उपलव्ध गराउनेछ ।
५. यसरी जडिबुटी तथा फलफुल प्रदान गर्दा सो बिरुवाको जानकारी सम्बन्धी बोर्ड समेत प्रदान गरिनेछ।
६. विद्यालयले प्राप्त भएको बेर्ना शिक्षक तथा विद्यार्थीको उपस्थितिमा वृक्षारोपण गर्नु पर्नेछ ।

### २३.३. खर्चको मापदण्ड

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | बेर्ना खरिद तथा ढुवानी | विद्यालय आवश्यकता अनुसार विभिन्न संस्था तथा शाखाहरु संग समन्वय गरि विभिन्न क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ। |
| २. | वृक्षारोपण कार्यक्रम सञ्चालन | |
| ३. | फ्लेक्स बोर्ड | |

## २४.एक घर दुई फलफुलको बोट कार्यक्रम

जैविक, भौगोलिक र जलवायूको विविधताको धनी देश नेपालमा उष्ण, उपोष्ण, समशितोष्ण र शितोष्ण गरी सबै किसिमका फलफूलहरु खेती गर्न सम्भव छ । त्यसैले फलफूल खेतिको दृष्टिकोणले नेपाल विश्वमै प्रचुर सम्भावना बोकेको देश हो । औद्योगिकीरणका लागि कच्चा पदार्थका साथै निकासी हुने अधिकांश वागवानीजन्य बालीवस्तुहरु

विशेषत फलफूल प्रकृतिका हुने गरेकाले फलफूल खेती अनि व्यवसाय खाद्य तथा पोषण सुरक्षाका दृष्टिले मात्र नभई रोजगारी, निर्यात, व्यापार र विदेशी मुद्रा आर्जनका हिसावले पनि नेपालको अर्थतन्त्रको आधारशिला हुन सक्छ। यसकारण फलफूल खेतीमा विविधीकरण, गुणस्तरीय उत्पादन तथा व्यवसायीकरण सँगै मूल्य अभिवृद्धि र बजार माग अनुसारको उच्च गुणस्तर कायममा जोड दिनु नै आजको आवश्यकता हो। फलफूल बालीको व्यवसायिक कार्यक्रमले ग्रामीण स्तरमा गरिबी निवारण कार्यक्रममा ठूलो योगदान पुर्याउन सक्छ। फलफूलहरु रोप्ने, स्याहार सम्भार, फल टिपाई, फल भण्डारण तथा फलफूलमा आधारित प्रशोधन उद्योगहरु र फलफूल बजार व्यवस्थापन जस्ता व्यवसायहरुले रोजगारीका अवसरहरु हुन्छन। यस मध्यविन्दु क्षेत्रमा पनि विभिन्न फलफुलहरु उत्पादन हुदै आएता पनि सम्पूर्ण समुदायमा फलफुल नारोपिएको हुदा एक घर दुई फलफुलको बोट कार्यक्रम संचालन गरि हरेक घरमा दुई वटा फलफुलको बोट रोप्न प्रोत्साहन गर्ने उद्देश्यले यस कार्यक्रम संचालन गरिनेछ।

### २४.१. कार्यक्रम सञ्चालनको उद्देश्य

आयमूलक व्यावसायिक फलफुल बगैंचा स्थापना गर्ने उद्देश्यले नगरमा वर्षे फलफुल (आपँ, लिची, एभोकाड़ो आदी) समेतका फलफुल बिरुवा वितरण गर्ने लक्ष्य रहेको छ।

### २४.२. कार्यक्रम सञ्चालन विधि

१. शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।
२. शाखाले मागको आधारमा खरिद गरी फलफुल बिरुवा निशुल्क वितरण कार्यक्रम सञ्चालन गर्नेछ।
३. फलफुल बिरुवाको मूल्यको लागि सरकारी बागवानी केन्द्रहरु तथा निजीस्तरका फलफुल नर्सरीहरुवाट उत्पादित फलफुलको बगैंचाको हकमा नेपाल सरकारको पूर्व स्वीकृत प्रचलित दररेट वमोजिम मूल्य निर्धारण गरिनेछ।

### २४.३ खर्चको मापदण्ड:

| क्र.स | क्रियाकलाप | मापदण्ड |
|---|---|---|
| १. | एभोकाड़ो खरिद | १०० प्रतिशत अनुदान |
| २. | अन्य बिरुवा खरिद | १०० प्रतिशत अनुदान |

## २५.कृषक क्षमता अभिवृद्धि कार्यक्रम

कृषिको क्षेत्रमा समय समयमा नवीनतम खेति पद्दति, प्रक्रिया र प्रविधिको आविष्कार हुदै गहिरेको हुन्छ। त्यस पद्दति, प्रक्रिया र प्रविधिको विस्तार गर्नु शाखाको कर्तव्य ता दाहित्व हुन्छ। नयाँ प्रविधिको विस्तार तथा प्रसारको लागि विभिन्न मध्यमहरुको प्रयोग गरिन्छ। तालिम, गोष्ठी, सेमिनार, प्रविधि प्रदर्शनी, नतिजा प्रदर्शनी, कृषक भ्रमण जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने गरिन्छ। यस्तै कार्यक्रम सञ्चालन गरि कृषकहरुको क्षमता अभिवृद्धि गरि कृषि उत्पादनमा टेवा पुर्याउन नगरपालिका बाट कृषक क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

### २५.१. कार्यक्रम सञ्चालनको उद्देश्य

क. कृषकहरुको प्राविधिक सीप तथा ज्ञानमा वृद्धि गर्ने।

ख. कृषक सिकाई प्रक्रियालाइ थप प्रभावकारी बनाउने ।
ग. कृषकहरु लाइ उत्पादन प्रविधिमा आएका नवीनतम खोजहरुको जानकारी गराउने ।

## २५.२. कार्यक्रम सञ्चालन विधि

यस कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ। क्रियाकलापहरु तपशिल बोजिमको प्रक्रिया तथा मापदण्डमा सञ्चालन हुनेछ।

### २५.२.१ कृषक तालिम

कृषि व्यवसायमा संम्लग्न कृषकका लागि विभिन्न विषयमा तालिमहरू नगरपालिका स्तरमा १-५ दिने तथा घुम्ती तालिम एक दिन आवधिको सञ्चालन गर्न सकिनेछ। यस तालिम ३०-३५ जना कृषक सहभागी हुनेछन्। साथै कुनै विशेष बालीको खेतिका लागि प्रादेशिक स्तर तथा केन्द्रीय स्तरको तालिममा छनौट भएका सहभागीलाइ आवश्यक सहजीकरण गर्ने।

#### २५.२.१.१ उद्देश्य

कृषकलाइ आवश्यक विषयमा प्राविधिक ज्ञान सीप अभिबृधि गर्ने वा जनचेतना अभिबृद्धि गर्ने ।

#### २५.२.१.२ क्रियाकलाप सञ्चालन विधि

१. शाखाबाट यस कार्यक्रम सञ्चालनका सहभागी छनौट गरि सहजीकरण गर्न वडा कार्यालयमा पत्राचार गर्नुपर्नेछ।

२. तालिममा सहमागी छनौट गर्दा कृषि व्यवसायमा. आवद्ध भई व्यवसायीक रुपले पेशा गरी आएका वा गर्न ईच्छुक कृषक वा समूहमा योगदान पुर्याएका आफूले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही नगरको कृषि विकासमा केही गरौ भन्नै भावना भएका कृषकहरु छनौट गरि पठाउनु पर्नेछ ।

३. तालिममा महिला  सदस्यहरुको उल्लेख्य सहभागीता हुने गरी छनौट गर्नु पर्नेछ ।

४. साधारणता स्थानीय तहको वार्षिक स्वीकृत कार्यकम र वजेट परिधि भित्र रहि कृषक समूहहरुमा समूहको आवस्यकता वा मागको आधारमा १-५ दिने अवधिको तालिम प्रदान गर्न सक्नेछ ।

५. कुनै समुदाय वा क्षेत्रका लक्षित कार्यक्रम आवश्यक भएमा कम्तीमा २० जना कृषकहरु मिलि आवश्यकताको वोध हुने गरी खुलाई तालिमको माग गरेमा शाखाको वजेट परिधि भित्र रहि तालिमको आयोजना गर्न सक्नेछ ।

#### २५.२.१.३ खर्चको मापदण्ड:

प्रचलित सार्वजनिक खरिद कानून र खर्चको मापदण्ड लाई आधार लिई कार्यक्रम सञ्चलान गरिनेछ ।

### २५.२.२ कृषक भ्रमण

"देखेपछि विश्वास बढ्छ" भन्ने वास्तविकताको आधारमा कृपकहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थानहरु, जिल्लाका उत्पादन स्थल, पशुपालन फार्महरू, उद्योगहरु, बगैचाहरु, नर्सरीहरु, अनुसन्धान केन्द्रमा भ्रमण गराउँदै, आईएको भएता पनि हालको परिप्रेक्षमा यस्तो भ्रमणलाई उन्तत प्रविधि, उन्नत वाली उत्पादन कार्यक्रम संग आवद्ध गराउनु पर्दछ । यस्तो भ्रमणबाट विभिन्न कृषकहरूले अन्य जिल्लाहरूमा पशुपालन तथा कृषि प्रविधिबारे अवलोकन गरी सिक्ने मौका पाउँनेछन् ।

२५.२.२.१ उद्देश्य :- कुषकहरूलाई नौलो (उन्नत) प्रविधि देखाएर त्यस बाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुर्‍याउनु ।

२५.२.२.२ कार्यक्रम सञ्चालन विधिः

१. भ्रमणको लागि उत्कृष्ट उत्पादक कृषक वा व्यावसायीक कृषक वा समुहका अगुवाहरु केही लेखपढ गर्न सक्ने, सिक्न सक्ने र सिकाउने भावना भएका परिपकका कृषकहरु मध्य बाट छनौट गर्नु पर्दछ ।

२. भ्रमणको सुरुमा आचार संहिता निमार्ण गर्ने, परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले वताई दिने गर्नु पर्दछ ।

३. भ्रमणमा सबैलाई सक्रिया सहभागी हुने गरी लाभप्रद तुल्याउनु पर्दछ र अन्त्यमा समीक्षा गर्नुपर्दछ।

४. भ्रमण कार्यकममा सम्बन्धीत जन प्रतिनिधि तथा कार्मचारीहरु लाई सहभागी गराउन सकिनेछ।

५. भ्रमण अवधि १ देखि ७ दिन हुने छ ।

**खर्चको मापदण्ड**

प्रचलित सार्वजनिक खरिद कानून र खर्चको मापदण्ड लाई आधार लिई कार्यक्रम सञ्चलान गरिनेछ ।

## २६. उन्नत बीउ वितरण तथा प्रयोग अनुदान कार्यक्रम (गहुँ/धान/ मकै/तरकारी/दलहन/ तेलहन बीउ वितरण)

बढ्दो जनसंख्या संगै बढ्दो खाद्यन्नको माग लाइ नेपाली उत्पादनले मात्रै धान्ने नसक्ने अवस्थामा रहेको छ बढ्दो माग धन्नका लागि उत्पादन बढाउनु आवश्यक देखिन्छ। स्तरीय वीउको प्रयोगबाट मात्र पनि उत्पादनमा १५-२५ प्रतिशत वृद्धि हुने तथ्य सावित भई सकेको छ । नेपालमा संस्थागत रुपमा उत्पादन भएको वीउमा आम किसानहरुको पूँहुच अत्यन्त न्यून छ। लगभग ९०% नेपाली कृषकहरूले परम्परागत ढंगले खेती गरिएको वालीबाट वीउ संचय गरी धेरै वर्षसम्म साल वसाली प्रयोगमा ल्याउने चलन छ । यस अवस्थामा कृषकले आफै संचय गरेको बीउको गुणस्तर न्युनतम स्तरको मापदण्डभन्दा कम रहने तथा वीउको आनुवंशिक गुणस्तरमा हास समेत हुन गई उत्पादनमा कमी हुने भएकोले अधिकतम कृषकहरूले प्रयोग गर्दै आएको वीउको गुणस्तर सुधार्न सकेमा मात्र हालको कृषिको उत्पादनमा करिब २०% ले वृद्धि गर्न सकिन्छ ।यो प्रतिकूल परिस्थितिलाई समयोचित परिस्कृत गर्दै कृषकहरूलाई सरल र सुलभ तरिकाबाट गुणस्तरीय वीउ उपलब्ध गराई विभिन्न वालीहरुको उत्पादन र उत्पादकत्व वढाउन, खाद्य वस्तुको आयात घटाउन र वालीहरुको वीउ प्रतिस्थापन दर वढाउने उदेश्यले यस मध्यविन्दु नगरपालिकाले उन्नत बीउ प्रयोगमा अनुदान कार्यक्रम सञ्चालन गर्नेछ

### २६.१ कार्यक्रम सञ्चालनको उद्देश्य

१. गुणस्तरीय वीउको प्रयोग गरी उत्पादन/उत्पादकत्व वृद्धि गरी खाद्यान्न तथा तरकारी बालीमा आत्मनिर्भर वनाउनु ।

**२६.२ कार्यक्रम सञ्चालन विधि:**

१. शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाई कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।

२. प्राप्त निवेदनहरु आवश्यकताको आधारमा समतामूलक बिउको वितरण लाभग्राहीहरुलाइ शाखाले उन्नत (खाद्यान्न/तेलहन/दलहन/तरकारी आदिको बीउ) तथा बर्णशंकर जातका तरकारी वितरण कार्यक्रम सञ्चालन गर्नेछ।

३. यस निर्देशिकामा उल्लेख भए अनुसार समग्र कार्यक्रमलाई नगरपालिका भरि सञ्चालन गर्न सकिने छ ।

**२६.३ अनुदान/ खर्चको मापदण्ड**

प्रचलित सार्वजनिक खरिद कानून र खर्चको मापदण्ड लाई आधार लिई कार्यक्रम सञ्चलान गरिनेछ ।

**२७.कृषि आधुनिकीकरण तथा कृषि यन्त्रीकरण कार्यक्रम (कृषि यन्त्रीकरण सँग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरु समेत)**

कृषि क्षेत्रलाइ आधुनिक, व्यावसायिक एवम प्रस्तिस्पर्धि बनाइ खाद्य तथा पोषण सुरक्षा प्रत्याभूति गराउन, युवा जनशक्तिलाइ व्यावसायिक कृषि क्षेत्र तर्फ आकर्षण गरि कृषि क्षेत्र मार्फत थप दिगो रोजगारीको अवसर सिर्जना गर्न, गरिवी न्यूनीकरणमा सेवा पुर्याउन किसानहरुले लगाएको बाली संरक्षण गर्न तथा उत्पादनमा आवश्यक गुणस्तरीय सामग्रीको पहुच स्थापना गर्न यस कार्यक्रम सञ्चालन गरिने छ ।

**२७.१ कार्यक्रम सञ्चालनको उद्देश्य**

१. बाली उत्पादनमा आधुनिक प्रविधि र यान्त्रीकरणको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने साथै उत्पादन लागत घटाउने ।

२. तरकारी खेती व्यवसायीकरण मार्फत स्वरोजगारी एवम आम्दानी वृद्धि गर्ने ।

३. उन्नत प्रविधिको प्रयोगबाट गुणस्तरीय कृषि उत्पादन गरी मूल्य अभिवृद्धि गर्ने ।

४. शिक्षित र उत्साही युवाहरुलाई कृषि व्यवसायमा आर्कषित गर्ने ।

**२७.२ कार्यक्रम सञ्चालन विधि:**

१. शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक सहकारी संस्थाहरुलाइ कम्तिमा १५ दिनको सूचना गरि निवेदन माग गर्नेछ।

२. उपदफा १ बमोजिम सूचना प्रकाशन पश्च्यात अवेदकले अनुसूची-२ बमोजिमको निबेदन साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ

   क. मागको निबेदन साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र, PAN /VAT को प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एक एक प्रति ।

   ख. सम्बन्धित अन्य कुनै निकाय (कृषि ज्ञान केन्द्र/ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना)को कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नलिने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सोघोषणा पत्र ।

ग. समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कृषि यन्त्र ८५% अनुदान कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

३. समितिले उपदफा १ बमोजिम पेश भएका निवेदनको निम्न आधारमा लाभग्राहीको छनोट गर्नेछ। न्युनतम मापदण्ड: जमिन: यस कार्यक्रममा सहभागिताको लागि न्युनतम मापदण्ड समितिले तोके बमोजिम हुनेछ।

| क्र.स | मुल्यांकनका आधार | अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|
| क | प्रयोग गरिने यन्त्रको लागि प्रस्तावित जमिन<br>१. पर्याप्त जमिन भएको | <br>२० | वडा कार्यालयको सिफारिस (एक भन्दा बढी वडामा कार्यक्षेत्र हुन सक्ने) |
| ख | प्रस्तावकको आर्थिक क्षमता<br>१. जगेडा वा अन्य कोषमा निर्देशिकामा उल्लेख भए अनुसारको लगानी गर्न सक्ने क्षमता भएको | २० | लगानी कोषमा प्रयाप्त रकम भएको पुष्टि गर्ने कागजात |
| ग | प्रस्तावकको संचालनको लागि दक्ष् जनशक्ति भएको | २० | दक्षताको अनुमति पत्र तथा संस्था संग अनुबन्दित पुष्टि हुने दस्तावेज |
| घ | प्रस्तावकको मुख्य पेशा<br>१. सदस्यहरुको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ५०% भन्दा माथि<br>२. सदस्यहरुको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ३०% देखि ५०%<br>३. सदस्यहरुको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ३०% भन्दा कम | <br>१०<br>७<br>५ | संस्थाको प्रतिवेदन/ वडा कार्यालयको सिफारिस |
| ङ | लक्षित वर्ग तथा क्षेत्र<br>क. सहकारी संस्थाको प्रकृति<br>१. कृषि सहकारी<br>२. अन्य सहकारी<br>ख. प्रस्तावित क्षेत्र<br>१. मध्यविन्दु १,२,३,४,५,६,७,८,१५ र १२ बाट निवेदक भएमा<br>२. अन्य क्षेत्र | <br><br>१५<br>५<br><br>१५<br>५ | समितिको निर्णयानुसार |
| | जम्मा | १०० | |

४. माग भएका कृषि यन्त्र तथा उपकरणहरु समतामुलक आधारमा वितरण गरिनेछ ।

५. वितरण गरिएका उपकरणहरुको उदेश्य अनुरुप उपयोग भए नभएको सम्बन्धमा सम्बन्धित वडा र शाखाबाट समय समयमा अनुगमन गरिनेछ ।

**२७.३ अनुदान/ खर्चको मापदण्ड**

स्थानिय तह बाट प्राप्त हुने वित्तीय समानिकरण वजेटको परिधी भित्र रही बजेट तथा कार्यक्रम तयार पारी प्रचलीत आर्थिक ऐन, नियमावली तथा कार्यविधी वमोजिम सञ्चालन गर्नुपर्ने छ ।

| क्र.स | सामग्रीहरु | अनुदान मापदण्ड |
|---|---|---|
| १. | ठुला कृषि यन्त्र तथा औजारहरु (ट्र्याक्टर, कम्बाइन हर्भेस्टर, धान रोप्ने मेसिन आदि) | ८५% अनुदान |
| २. | मिनी टिलर , स्प्रेयर, मकै रोप्ने मेसिन, मकै छोड्यौने मेसिन, एट्याचमेन्टहरु (एन्टी स्कीड व्हील, हव किनेकेटर, डिस्क प्लाव, डिस्क हैरो, रिजर, वण्ड फर्मर, सिड ड्रिल, सिड कम फर्टिलाईजर ड्रिल, प्रेसर, रिपर आदि), पावर स्प्रेयर, बुस कटर, विडर र तरकारी खेतिको लागि आवश्यक अन्य यन्त्र तथा उपकरणहरु | ७५% अनुदान |

२८. खेति प्रवर्द्धन कार्यक्रम ( फुल, तरकारी, मसलाबाली, खायन आलु, जैविक खेति लगायत सम्पूर्ण)

विभिन्न बालीहरु उत्पादनहरुको छिमेकी देशमा हुने निर्यात प्रतिबन्दका कारण समय समयमा नेपाली बजारमा कहिले बजारमा कृषि उत्पादनहरुको अभाव हुने त कहिले उत्पादनले बजार प्राप्त नगर्ने गरेको पाइन्छ। यसरी बजारमा कृषि उपजहरुको अनिश्चितताले उपभोक्ता समेत मारमा पर्ने गरेका छन ।  यस्ता कृषि उत्पादनहरुको नियमित उत्पादन गर्न यस कार्यक्रम सञ्चालन गरिने छ ।

**२८.१ कार्यक्रम सञ्चालनको उद्देश्य**

१. लक्षित कृषि उपजको उत्पादन वृद्धि गर्ने ।

२. लक्षित बालीको खेतीमा व्यवसायीकरण मार्फत स्वरोजगारी एवम आम्दानी वृद्धि गर्ने ।

३. उन्नत प्रविधिको प्रयोगबाट गुणस्तरीय कृषि उत्पादन गरी मूल्य अभिवृद्धि गर्ने ।

**२८.२ कार्यक्रम सञ्चालन विधि:**

१. शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।

२. उपदफा १ बमोजिम सूचना प्रकाशन पश्च्यात अवेदकले अनुसूची-२ बमोजिमको निबेदन साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ

    घ. मागको निबेदन साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र, PAN /VAT को प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एक एक प्रति ।

    ङ. सम्बन्धित अन्य कुनै निकाय (कृषि ज्ञान केन्द्र/ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना)को कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नलिने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सोघोषणा पत्र ।

    च. समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि ।

छ. आवेदकले आफुले संचालन गर्ने कृषि व्यवसायको अनुसूचि-३ बमोजिमको प्रस्ताव ।

३. समितिले उपदफा १ बमोजिम पेश भएका निवेदनको निम्न आधारमा लाभग्राहीको छनोट गर्नेछ। न्युनतम मापदण्ड: जमिन: फुल खेतिको लागि न्युनतम १ कठ्ठा, तरकारी खेतिको लागि ३ कठ्ठा ( समूह तथा सहकारीको हकमा न्युनतम १ बिगाह), आलु बालीको लागि ५ कठ्ठा ( समूह तथा सहकारीको हकमा न्युनतम २५ कठ्ठा ), मसालाबालीको लागि न्युनतम १ कठ्ठामा खेति गर्ने गरि प्रस्ताव पेश गर्नु पर्नेछ । अन्य लक्षित बालीको हकमा न्युनतम निर्देशक समितिको निर्णयानुसार हुनेछ।

| क्र.स | मुल्यांकनका आधार | अङ्क | प्रमाणीकरणको आधार |
|---|---|---|---|
| क | प्रयोग गरिने यन्त्रको लागि प्रस्तावित जमिन<br>१. पर्याप्त जमिन भएको<br>२. पर्याप्त जमिन नभएको | <br>५०<br>० | पुर्जा वा वडा कार्यालयको सिफारिस |
| ख | प्रस्तावकको आर्थिक क्षमता<br>१. निर्देशिकामा उल्लेख भए अनुसारको लगानी गर्न सक्ने क्षमता भएको<br>२. निर्देशिकामा उल्लेख भए अनुसारको लगानी गर्न सक्ने क्षमता नभएको | <br>२५<br>० | वडा कार्यालयको सिफारिस |
| ग | प्रस्तावकको किसिम<br>१. समूह तथा सहकारी<br>२. कृषि उद्यमी | <br>२५<br>१५ | दर्ता प्रमाण पत्र |
| | जम्मा | १०० | |

४. व्यावसायिक योजनामा माग भए बमोजिमका क्रियाकलापहरुको लागि रकम सिमा निर्धारण गर्ने कृषि विकास निर्देशक समितिले गर्नेछ ।

५. कार्यक्रम सम्झौता पश्चात उदेश्य अनुरुप कार्य भए नभएको सम्बन्धमा सम्बन्धित वडा र शाखाबाट समय समयमा अनुगमन गरिनेछ ।

## २८.३ अनुदान/ खर्चको मापदण्ड

प्राप्त वजेटको परिधी भित्र रही प्रचलीत आर्थिक ऐन, नियमावली तथा कार्यविधी वमोजिम सञ्चालन गर्नुपर्ने छ । लक्षित बाली सँग सम्बन्धित तालिम प्रदान गर्न आवश्यक रहेमा कार्यक्रममा विनियोजित बजेट शिर्षकबाट समितिको निर्णयानुसार तालिम संचालन गर्न सकिनेछ ।

| क्र.स | क्रियाकलाप | अनुदान मापदण्ड |
|---|---|---|
| १. | बीउ तथा बिरुवा, जैविक मलखाद तथा जैविक विषादी, जैविक विषादी तयार गर्ने आवश्यक सामग्री, यन्त्र तथा उपकरणहरु, अन्य आवश्यक उत्पादन सामग्री तथा क्रियाकलापहरु (जैविक खेति प्रवर्द्धन कार्यक्रमको हकमा ९५% सम्म) | ७५ प्रतिशत सम्म |
| २. | रासायनिक विषादी (आवश्यकताको आधारमा) | ४० प्रतिशत |

२९. स्थानीय पकेट स्थापना कार्यक्रम: (हरियो मकै पकेट विकास कार्यक्रम समेत)

यस मध्यविन्दु नगरपालिका भित्र विभिन्न क्षेत्रहरुमा विभिन्न किसिमका बालीहरुको व्यावसायिक उत्पादनको सम्भावना देखिन्छ। त्यसै सम्भावनालाइ मध्यनजर गर्दै यस क्षेत्रमा सम्भावित क्षेत्रहरु भित्र निर्वाहमुखी खेति प्रणालीलाइ क्रमस व्यावसायिक खेति तथा उत्पादन तर्फ अग्रसर बनाउने उदेश्यले यस स्थानीय पकेट स्थापना कार्यक्रम सञ्चालन गरिनेछ।

**२९.१ कार्यक्रमको उद्देश्य:**

१. यस कार्यक्रम मार्फत नगरपालिका भित्र स्थान विशेष व्यावसायिक रुपमा कुनै बालीको खेति गरि पकेट (उत्पादन क्षेत्रको) रुपमा विकास गर्ने।

**२९.२ कार्यक्रम संचालन विधि:**

१. शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।

२. उपदफा १ बमोजिम सूचना प्रकाशन पश्च्यात अवेदकले अनुसूची-२ बमोजिमको निबेदन साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ

   क. मागको निबेदन साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाण पत्र, PAN /VAT को प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एक एक प्रति।

   ख. सम्बन्धित अन्य कुनै निकाय (कृषि ज्ञान केन्द्र/ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना)को कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नलिने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सोघोषणा पत्र।

   ग. समुह वा संस्थाको हकमा कार्यसमितिको बैठकले कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि।

   घ. आवेदकले आफुले संचालन गर्ने कृषि व्यवसायको अनुसूचि-३ बमोजिमको प्रस्ताव।

३. समितिले उपदफा १ बमोजिम पेश भएका निवेदनको निम्न आधारमा लाभग्राहीको छनोट गर्नेछ।
न्युनतम मापदण्ड: न्युनतम १ बिगाहमा खेति भएको हुनुपर्नेछ।

| क्र.स | मुल्याङ्कनका आधार | अङ्क |
|---|---|---|
| क | कार्यक्रम सञ्चालनका लागि प्रस्तावित जमिन | |
| | १. पर्याप्त जमिन भएको (प्रस्ताव पेश गर्दा ३ विगाह वा माथि कमाण्ड क्षेत्र रहेको) | २० |
| | २. पर्याप्त जमिनको सम्भावना भएको (प्रस्ताव पेश गर्दा १-३ विगाह कमाण्ड क्षेत्र रहेको) | १० |
| | ३. अपर्याप्त जमिन भएको (प्रस्ताव पेश गर्दा १ विगाह भन्दा कम कमाण्ड क्षेत्र रहेको) | ० |
| ख | प्रस्तावित क्षेत्रको भौगोलिक उपयोगिता | |

| | | |
|---|---|---|
| | १. उपयुक्त<br>२. सम्भावना देखिएको<br>३. सम्भावाना न्युन देखिएको | २०<br>१०<br>५ |
| ग | प्रस्तावकको किसिम<br>१. सहकारी<br>२. समूह | <br>२०<br>१५ |
| घ | प्रस्तावकको मुख्य पेशा<br>१. लाभान्वित घरधुरीको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ५०% भन्दा माथि<br>२. लाभान्वित घरधुरीको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ३०% देखि ५०%<br>३. लाभान्वित घरधुरीको कुल आम्दानीमा कृषि क्षेत्रको योगदान ३०% भन्दा कम | <br>२०<br>१५<br>१० |
| ङ | प्रस्तावित लाभान्वित घरधुरीको संख्या (प्रस्तावमा पेश हुन आएको अधिकतम लाभान्वित घरधुरीलाइ आधार मानी)<br>= प्रस्तावित लाभान्वित घरधुरीको संख्या/ प्रस्तावित अधिकतम लाभान्वित घरधुरीको संख्या *२० | २० |
| | जम्मा | १०० |

४. प्राप्त निवेदनहरु आर्थिक विकास समितिले मुल्याङ्कन गरि अधिकतम अंक हासिल गरेकालाई लाभग्राहीलाइ सम्झौताको लागि सिफारिस गर्नेछ ।

### २९.३ अनुदान/ खर्चको मापदण्ड

| क्र.स | क्रियाकलाप | अनुदान मापदण्ड |
|---|---|---|
| १. | बीउ , बिरुवा, प्रांगारिक मल तथा अन्य आवश्यक उत्पादन सामग्री (मौरी तथा च्याउको लागि घर वा परल) तथा सम्बन्धित क्रियाकलापहरु | ७५ प्रतिशत |
| २. | कृषि यन्त्रीकरण (साना यन्त्रहरु मिनी टिलर, बुस कटर लगायत विभिन्न सामग्री) | ७५ प्रतिशत |
| ३. | सिचाई सम्बन्धि क्रियाकलापहरु | ८५ प्रतिशत |
| ४. | रासायनिक विषादी (आवश्यकताको आधारमा) | ४० प्रतिशत |

लक्षित बाली सँग सम्बन्धित तालिम प्रदान गर्न आवश्यक रहेमा कार्यक्रममा विनियोजित बजेट शिर्षकबाट समितिको निर्णयानुसार तालिम संचालन गर्न सकिनेछ ।

३०. कृषि उपज प्रदर्शनी मेला तथा मध्यविन्दु लोकल फुड फेस्टिवल

देखेपछि विश्वास बढ्छ भन्ने वास्तविकताको आधारमा कृषकहरु द्वारा यस मध्यविन्दु नगरपालिका भित्र उत्पादित कृषि उपज तथा प्रसोधित वस्तुहरु प्रदर्शनमा राखी उनीहरु बीच प्रतिस्पर्दा गराई अवलोकन गर्ने दर्शकहरुले विभिन्न

इन्स्टल हरुको भ्रमण मार्फत उन्नत तथा विभिन्न प्रविधिहरु सिकी उत्पादनमा वृद्धि गर्न सकुन भन्ने ध्येयले यस कार्यक्रमको सञ्चालन गरिने छ

उदेश्य:

१. स्थानीय चाड, पर्व, मेला आदिको अवसरमा कृषि उपज प्रदर्शनी मेला को आयोजना गरि उत्पसक कृषक तथा कृषक समूहलाइ उत्कृष्टताको आधारमा सम्मान गर्नु

२. अवलोकन गर्ने किसान तथा दर्शकहरुलाई उन्नत प्रविधिबारे जानकारी गराउनु साथै प्रविधि अपनाउन प्रोत्साहित गर्नु

कार्यक्रम सञ्चालन विधि

१. प्रदर्शनी मेलाको तिथि, मिति र स्थानको आर्थिक विकास समितिको निर्णय पश्चात व्यापक प्रचार प्रसार गरि बहुसंख्यक कृषकहरुलाई अवलोकनको मौका प्रदान गर्नु पर्नेछ

२. सहभागि कृषक, समूह तथा निकायहरुलाई पनि अग्रिम सूचना गरि सहभागीहरु बाट सहमति लिनु पर्नेछ

३. प्रदर्शनी आयोजक समिति गठन गरि विभिन्न कामहरुको विभाजन तथा कार्य सम्पादनको जिम्मा प्रदान गर्नुपर्नेछ

४. कृषकका उत्पादन तथा उन्नत उत्पादन सामग्री देखाउने प्रदर्शन कक्षहरु कायम गरि व्यवस्थित रुपमा राख्ने प्रबन्द मिलाउनु पर्दछ

५. प्रदर्शित उत्पादनहरु बीच प्रतिस्पर्धा गराई मुल्याङ्कन टोलिले उत्कृष्ट ठहर्याएकालाइ पुरस्कृत गर्नु पर्दछ

आर्थिक पक्ष:

१. कार्यक्रम सञ्चालन गर्न आवश्यक स्टल निर्माण यस मध्यविन्दु नगरपालिका कृषि विकास शाखाले प्राप्त बजेटको परिधि भित्र रही निर्माण गर्नुपर्नेछ

२. स्टल निर्माण गर्नका लागि प्रचलित कानुन बमोजिम टेन्ट व्यवसायी संग सम्झौता गरि निर्माण गर्न सक्नेछ

३. उत्कृस्टताको आधारमा तपशीलका आइटमहरुमा पुरस्कार प्रदान गर्नसक्नेछ

- खाद्यन्न बाली
- दलहन बाली
- नगदे बाली (उखु, जुट, कपास, सुर्ती, तेलहन बाली आदि)
- फलफूल
- तरकारी
- माछा

- आलु

४. प्रदर्शनमा राखिएका उत्पादनहरु मध्ये अधिकतम तौल भएका तरकारी बाली उत्पादक किसानलाइ रु १००० पुरस्कार स्वरूप प्रदान गरिने छ

५. उत्कृस्टको आधारमा पुरस्कार: ७ आइटम बराबर रु ३३,५०० पुरस्कार प्रदान गर्न सकिने छ

- प्रथम पुरस्कार: रु. २०००
- द्वितीय पुरस्कार : रु. १५००
- तृतीय पुरस्कार: रु. १०००

६. बजेटको परिधि भित्र रही मध्यविन्दु नगरपालिकाको आर्थिक विकास समितिले पुरस्कार राशी थपघट गर्न सक्नेछ

३२. फलफुल बगैंचा विस्तार तथा पुरानो बगैंचा सुधार कार्यक्रम

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र तराई देखि मध्य पहाडी भाग सम्म फलफुल खेती हुँदै आएको छ। तथापि नेपालमा व्यवसायिक र व्यवस्थित बगैचाको भने कमी छ। नेपालको धेरै फलफुलको उत्पादनले बजार मागको केहि हिस्सा मात्र धान्न सक्दछ भने बाँकि माग धान्न वाह्य देशवाट (विशेषगरी भारतवाट ) आयात गर्नु पर्ने अवस्था छ।

नेपालीको प्रत्येक भान्छामा फलफुलको माग दिन प्रतिदिन बढिरहेको छ तर पनि उत्पादनमा भने आशातित रुपमा कृषक आकर्षिक हुन सकेका छैन्न। बगैँचा व्यवस्थापन (काँटछाँट तथा मलजल ) रोगहरु जस्तै ट्रिष्टीजा भाइरस, सिट्रस क्याङ्कर (व्याक्टेरिया) तथा फाइटोप्थेरा र किराहरु (कत्ले तथा पात खत्रे) को व्यवस्थापन गरी फलफुलको उत्पादन र उत्पादकत्व बढाउन सकिने देखिन्छ भने जलवायुको हिसाबले नेपालमा फलफुल खेती तराई देखी पहाड सम्म गर्न सकिने भएकोले सुन्तलाजात फलफूल, आँप, लिची, लगायत विभिन्न फल्फुलको क्षेत्रफल बढाउन सकिने तथा भएका बगैंचाहरु व्यवस्थापन गरि उत्पादनम वृद्धि गर्न सकिने प्रचुर सम्भावना छ। पुराना बगैचा तथा रोगका कारण विभिन्न समयमा कृषकहरुलाइ समस्या हुदै आएको छ त्यसै कारण पुराना बगैचा सुधार गर्ने तथा नया क्षेत्रमा व्यावसायिक फलफुल खेतिमा कृषकहरुलाइ उत्प्रेरित गर्ने उदेश्यले फलफुल बगैंचा विस्तार तथा पुरानो बगैंचा सुधार कार्यक्रम सञ्चालन गरिने छ।

३२.१ कार्यक्रमको उद्देश्य:

- नयाँ फलफुलको क्षेत्र विस्तार तथा पुराना बगैँचालाई सुदृढिकरण गरी यसको उत्पादन र उत्पादकत्वमा बृद्धि गरि स्थानीय कृषकहरुको आय आर्जनमा वृद्धि तथा कागतीको आयात प्रतिस्थापनमा सघाउ पुयाउने
- फलफुलको मुल्य श्रृङ्घला अभिवृद्धि गर्ने।

३२.२ कार्यक्रम संचालन विधि:

- वार्षिक स्वीकृत कार्यक्रममा मध्यविन्दु नगरपालिकामा यो कार्यक्रम सञ्चालन हुनेछ। सामान्यतया कागती खेति प्रवर्धन कार्यक्रम २ वर्ष सम्म संन्चालन गरिनेछ। यस कार्यक्रमको प्रभावकारिता, संभाव्यता र बजेट उपलब्धताका आधारमा यसको अवधी थप गर्न सकिनेछ।
- कृषि विकास शाखा तथा मध्यविन्दु नगरपालिका नगर कार्यपालिकाको कार्यालय वा स्थलगत तालिम तथा अनुगमन गर्ने कृषि विकास शाखा बाट प्राविधिक सेवाटेवाका साथै अनुगमन गर्नेछन्।
- कार्यक्रम सञ्चालनको लागि आवश्यक गुणस्तरीय विरुवाको व्यवस्थापन कृषि विकास शाखा/ मध्यविन्दु नगरपालिकाको समन्वयमा हुनेछ।
- मध्यविन्दु नगरपालिका कृषि विकास शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।
- प्राप्त निवेदनहरु समितिले मुल्याङ्कन गरि अधिकतम अंक हासिल गरेकालाई सम्झौताको लागि सिफारिस गर्नेछ।
- सिफारिस भएको आवेदकहरुलाइ यस कृषि विकास शाखा मार्फत फलफुल बगैंचा विस्तार तथा पुरानो बगैंचा सुधार कार्यक्रम कार्यक्रम सञ्चालन गर्नेछ।
- यसरी माग भएको निवेदनमा निवेदकले आफु संलग्न हुन चाहेको क्षेत्र खुलाई निवेदन पेश गर्नु पर्ने छ ( क्षेत्र विस्तार/पुरानो बगैचा सुधार/क्षमता अभिवृद्धि)
- कृषि विकास शाखाले सूचना प्रवाह तथा फर्म, कृषक समूह तथा कृषि सहकारी छनौटमा सहयोग गर्नेछ।
- कृषि विकास शाखाले मध्यविन्दु नगरपालिका सँगको समन्वय तथा निर्देशिका बमोजिम प्राप्त बजेटको परिधिमा रही कार्यक्रम सञ्चालन तथा अनुगमन गर्नेछ।
- निर्देशिका अनुसार क्षेत्र विस्तार गर्ने कृषकहरुलाई सम्झौता बमोजिम कार्य सम्पन्न भईसकेपछि अनुगमन गरी रकम मध्यविन्दु नगरपालिकाले कृषक, फर्म, कृषक समूह तथा कृषि सहकारीलाइ बैंक खाता मार्फत उपलब्ध गराउने छ।
- मध्यविन्दु नगरपालिकाले भुक्तानी गर्दा बील भरपाई र विरुवा रोपेको कृषकको विवरणको आधारमा आर्थिक पक्ष अनुसार शिर्षकमा हुन आउने अधिकतम रकम मात्र भुक्तानी उपलब्ध गराउनु पर्नेछ।

प्राविधिक पक्ष:

कार्यक्रम सन्चालन गर्न कृषक छनौटका आधारहरु:

१. देहायका मापदण्ड पुरा गर्ने प्रतिवद्धता जाहेर गर्ने कृषकहरुले यो कार्यक्रममा सहभागी हुन पाउनेछन:

- कार्यक्रम माग गर्दा कम्तीमा २ कठ्ठाको ब्लक हुनुपर्नेछ।
- सुचिकृत जातमात्र खेति गर्नुपर्नेछ।
- प्राविधिक रुपमा उपयुक्त स्थान

- सिँचाईको सुविधाको सम्भावना भएको ।

क्षेत्र विस्तारको लागि मापदण्ड:

| क्र.स | मापदण्ड | अङ्क |
|---|---|---|
| १. | जमिन<br>क. २ कट्ठा देखि १० कट्ठा<br>ख. १० कट्ठा भन्दा माथि | <br>१०<br>२० |
| २. | भौगोलिक अवास्थिति<br>क. बाली लगाउन उपयुक्त<br>ख. बाली लगाउन अनउपयुक्त (अत्यधिक भिरालो/ पानी जम्ने) | <br>२०<br>० |
| ३. | सिचाईको सम्भावना<br>क. भएको<br>ख. न्युन रहेको | <br>२०<br>१० |
| ४. | संस्थाको प्रकृति<br>क. सहकारी<br>ख. समूह<br>ग. फर्म /कृषक (व्यक्तिगत) | <br>२०<br>१५<br>१० |
| ५. | आर्थिक साझेदारी<br>क. निर्देशिका बमोजिम आर्थिक साझेदारी गर्न सक्ने<br>ख. निर्देशिका बमोजिम आर्थिक साझेदारी गर्न नसक्ने | <br>२०<br>१० |
| जम्मा | | १०० |

बगैचा सुधारको लागि मापदण्ड

| क्र.स | मापदण्ड | अङ्क |
|---|---|---|
| १. | सुचिकृत जात<br>• भए<br>• नभए | <br>२०<br>५ |
| २. | भौगोलिक अवास्थिति<br>• बाली लगाउन उपयुक्त<br>• बाली लगाउन अनउपयुक्त (अत्यधिक भिरालो/ पानी जम्ने) | <br>२०<br>० |
| ३. | बगैचा सुधार कार्यक्रममा पेश भएको कार्यको आवश्यकता<br>• भएको<br>• न्युन रहेको | <br>२०<br>१० |
| ४. | संस्थाको प्रकृति<br>• सहकारी | <br>२० |

| | | |
|---|---|---|
| | • समूह<br>• फर्म /कृषक (व्यक्तिगत) | १५<br>१० |
| ५. | आर्थिक साझेदारी<br>• निर्देशिका बमोजिम आर्थिक साझेदारी गर्न सक्ने<br>• निर्देशिका बमोजिम आर्थिक साझेदारी गर्न नसक्ने | <br>२०<br>१० |
| जम्मा | | १०० |

अनुदानग्राही छनोट गर्दा बजेटको परिधि भित्र रही छनोट गर्नुपर्ने छ।क्षेत्र विस्तारको लागि अधिकतम १० अनुदानग्राही छनोट गरिने छ भने बगैचा सुधारको लागि १५ अनुदानग्राही छनोट गरिनेछ ।सहकारी तथा कृषक समूहलाइ दुवै कार्यक्रमको लागि आवेदन क्षेत्र विस्तार तथा बगैचा सुधारको लागि छनोट गर्न सकिनेछ।

आर्थिक पक्ष:

१. प्राप्त बजेट बाट कृषि विकास शाखाले क्षमता विकासको लागि अधिकतम २०% सम्मको कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
२. प्राप्त बजेट बाट कृषि विकास शाखाले पुरानो बगैचा सुधारका र क्षेत्र विस्तारका लागि आवश्यकता अनुसार रकम खर्च गर्न सकिने छ ।

क्षेत्र विस्तारका लागि कृषकले ३० कठ्ठा (१ हेक्टर/ २० रोपनी) मा कागती खेति गर्न पाउने अनुदान प्याकेज (कृषकले थप अथवा घट क्षेत्रफलमा खेति गर्ने भएमा यसै अनुपातमा अनुदान प्याकेज प्रदान गरिनेछ।) प्राप्त बजेटको परिधि भित्र रही, निम्न खर्च अनुमानको आधारमा लगत अनुमान गरि कृषकहरु संग सम्झौता गरि कार्यक्रम सञ्चालन गरिने छ। साथै बगैंचा सुधारको लागि माग भएका सामग्री खरिद मात्र भएमा लागत अनुमान तयार गरेर खरिद गरि शाखाले वितरण गर्नेछ

| क्र .स | कार्यक्रमको विवरण | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १. | बगैचा रेखांकन गर्न आवश्यक सामग्री (डोरी र बासको किला) | रु. ८००० .०० | |
| २. | बिरुवा रोप्ने खाडल खन्ने मल तथा खाडल पुर्ने | रु. २४,०००.०० | |
| ३. | कागतीको बिरुवा खरिद (संख्या) | रु. ६०,०००.०० | अधिकतम ४०० |
| ४. | मलखाद | रु. १०,०००.०० | |
| ५. | बिरुवा रोपण, टेका दिने र मल्चिंग | रु ८,०००.०० | |
| ६. | सिचाई सामग्री | रु ८,०००.०० | |
| ७. | कृषि औजार (सिगेचर, आरी र स्प्रयेर) | रु २०,०००.०० | |
| | जम्मा | १,३८,०००.०० | |
| | कृषकले पाउने (७५ प्रतिशत) | १,०३,५००.०० | |
| | कृषकले व्यहोर्ने (२५ प्रतिशत) | ३४,५००.०० | |

बगैंचा सुधारको लागि प्रति कट्ठा तपशिल बमोजिमको अधिक्तम निम्न अनुसार प्रति कट्ठा प्याकेज उपलव्ध गराइनेछ ।

| क्र .स | कार्यक्रमको विवरण | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १. | गोडमेल गर्ने ज्याला (१ कठ्ठाको लागि १ जना एक दिन ) | रु. १०००.०० | |
| २. | कागतीको बिरुवा खरिद (बिरुवा मर्ने वा राम्रो जात नभई परिवर्तन गर्नु परेमा प्रति गोटा) | रु. १५०.०० | प्रति गोटा |
| ३. | मलखाद (१ कठ्ठाको लागि अधिकतम, प्रांगारिक मल) | रु. १००० .०० | |
| ४. | प्लास्टिक मल्चिंग तथा औजारहरु (बजार मूल्य अनुसार अधिकतम प्रति लाभग्राही ) | रु १०,०००.०० | |

३३. सिकाई केन्द्र स्थापना तथा संचालन

कृषि सिकाई केन्द्र एक विशेषीकृत स्थान वा केन्द्र हो जसको उद्देश्य कृषि क्षेत्रको विकास र कृषकहरूको सीप, ज्ञान, र क्षमता अभिवृद्धि गर्नु हो। यस केन्द्र मार्फत कृषकहरूलाई आधुनिक कृषि प्रविधिहरूको जानकारी दिनुका साथै व्यावहारिक तालिम प्रदान गरिन्छ। कृषि सिकाई केन्द्रमा कृषकहरूले माटो परीक्षण, बीउ छनौट, सिंचाइ प्रणाली, जैविक खेती, रोग व्यवस्थापन, र अन्य नवीनतम कृषि प्रविधिहरूको बारेमा ज्ञान हासिल गर्न सक्छन्। यस केन्द्रले कृषकहरूको उत्पादनशीलता बढाउन, वातावरणमैत्री खेतीलाई प्रवर्धन गर्न, र ग्रामीण अर्थतन्त्रलाई सशक्त बनाउन महत्वपूर्ण भूमिका खेल्छ। कृषि सिकाई केन्द्रको मुख्य उद्देश्य स्थानीय कृषकहरूलाई आत्मनिर्भर बनाउनु, कृषि उत्पादनको गुणस्तर सुधार गर्नु, र कृषकहरूको आम्दानीमा वृद्धि गर्नु हो। यस केन्द्रले स्थानीय कृषि क्षेत्रमा विद्यमान चुनौतीहरूको समाधान गर्न वैज्ञानिक अनुसन्धान, नवीनतम प्रविधिको उपयोग, र व्यावहारिक अनुभवको आदान-प्रदानलाई प्राथमिकता दिन्छ।

यसरी, कृषि सिकाई केन्द्रले कृषकहरूको समग्र विकासमा योगदान पुर्‍याउँदै, कृषि क्षेत्रको दीर्घकालीन विकासको लागि एउटा मञ्चको रूपमा काम गर्दछ। त्यसैले मध्यविन्दु नगरपालिकाले सिकाई केन्द्र स्थापना गरि संचालन गर्ने उद्देश्य राखेको छ ।

कार्यक्रमको उद्देश्य

१. कृषकहरूलाई आधुनिक कृषि प्रविधि, जैविक खेती, माटो परीक्षण, बीउ छनौट, र सिंचाइ व्यवस्थापन जस्ता विषयहरूमा तालिम प्रदान गर्नु।
२. कृषि क्षेत्रमा देखापर्ने विभिन्न चुनौतीहरूको पहिचान र समाधानका लागि अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गर्नु।
३. कृषकहरूमा कृषि शिक्षा र वैज्ञानिक सोचको विकास गर्दै कृषि क्षेत्रको दीर्घकालीन सुधार र समृद्धिका लागि सचेतना फैलाउनु।

कार्यक्रम संचालन विधि

- मध्यविन्दु नगरपालिका कृषि विकास शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, सहकारी तथा टोल विकास संस्थाहरुलाइ कम्तिमा ७ दिनको सूचना गरि निवेदन माग गर्नेछ।
- प्राप्त निवेदनहरु समितिले मुल्याङ्कन गरि अधिकतम अंक हासिल गरेकालाई सम्झौताको लागि सिफारिस गर्नेछ ।
- सिफारिस भएको आवेदकहरुलाइ यस कृषि विकास शाखा सिकाई केन्द्र स्थापना तथा संचालन कार्यक्रम सञ्चालन गर्नेछ।

मुल्यांकनको मापदण्ड

| क्र.स | मापदण्ड | अङ्क |
|---|---|---|
| १. | जमिन/पूर्वाधार | |
| | क. प्रयाप्त जमिन तथा टनेलको पूर्वाधार भएको भएको | २५ |
| | ख. प्रयाप्त जमिन भएको वा पूर्वाधार नभएको | १५ |
| | ग. प्रयाप्त जमिन भएको तथा पूर्वाधार दुवै नभएको | ० |
| २. | भौगोलिक अवास्थिति | |
| | क. बाली लगाउन उपयुक्त | २५ |
| | ख. बाली लगाउन अनउपयुक्त (अत्यधिक भिरालो/ पानी जम्ने) | ० |
| ३. | सिचाईको सम्भावना | |
| | क. भएको | २५ |
| | ख. न्युन रहेको | १० |
| ४. | संस्थाको प्रकृति | |
| | क. सहकारी | २५ |
| | ख. समूह | १५ |
| जम्मा | | १०० |

आर्थिक पक्ष:

| क्र.स | क्रियाकलाप | अनुदान मापदण्ड |
|---|---|---|
| १. | बीउ , बिरुवा, प्रांगारिक मल तथा अन्य आवश्यक उत्पादन सामग्री (मौरी तथा च्याउको लागि घर वा परल) तथा सम्बन्धित क्रियाकलापहरु, कृषि यन्त्रीकरण (साना यन्त्रहरु मिनी टिलर, बुस कटर लगायत विभिन्न सामग्री), सिचाई सम्बन्धि क्रियाकलापहरु | ९० प्रतिशत |
| ४. | विषादी (आवश्यकताको आधारमा) | १०० प्रतिशत |

**३३. विविध:**

यस कार्यविधिमा उल्लेख भएका कार्यक्रम बाहेक अन्य नियमित कार्यक्रमहरु समितिको निर्णय अनुसार स्वीकृत गरि संचालन गर्न सकिनेछ।

अनुसूची-०१

## सूचनाको नमुना

.......................... कार्यक्रमको प्रस्ताव आह्वानको सूचना।
प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०६/२५

यस मध्यविन्दु नगरपालिका कृषि विकास शाखाको आ.व २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रम संचालन गर्न इच्छुक यस नगरपालिका क्षेत्र भित्रका कृषक, कृषि फर्म, कृषक समुह तथा सहकारी संस्थाले मिति २०८०/...../.... गते कार्यालय समय भित्र तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल

| क्र.स | कार्यक्रमको नाम | बजेट रु. हजारमा | लागत साझेदारी प्रतिशत | क्रियाकलापहरु |
|---|---|---|---|---|
| | | | | |

आवश्यक कागजातहरु

१. कृषक, कृषि फर्म, कृषक समुह तथा सहकारी संस्थाको निवेदन।

२. खेति गर्ने जग्गाको लालपुर्जाको प्रतिलिपि वा भाडामा लिएको भए सम्झौता पत्र तथा ऐलानी भए ऐलानी खुल्ने कागजात।

३. निवेदकको नागरिकताको फोटोकपी।

४. कृषि फर्म, कृषक समुह तथा सहकारी संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी र कार्यसमितिको निर्णयको फोटोकपी।

बोधार्थः

श्री सूचना प्रविधि शाखाः सामाजिक सञ्जाल तथा वेबसाइटमा अपलोड गरिदिनुहुन।

श्री सबै वडा कार्यालयहरु सूचना प्रवाह गरिदिनुहुन।

अनुसूची-०२

**निवेदनको ढाँचा**

मितिः

बिषयः अनुदान उपलब्ध गराइदिनुहुन ।

श्रीमान्  ............ ज्यु ,
मध्यविन्दु नगरपालिका

महोदय
तहाँ कार्यालयबाट मिति....................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको ..... कार्यकमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/बस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं/छु ।

तपसिल

लाभग्राहीको नामः
ठेगानाः
कार्यक्रमको नामः
कार्यकमको उद्देश्य:
अनुदान रकम आवश्यक पर्नुको कारणः
सञ्चालन गरिने कार्यकम:
कमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन
कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यकम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजना:
कार्यकमबाट लाभान्वित जनसंख्या:

निवदेक
कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उध्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखत:
नाम थर:
पद:
सम्पर्क नं:

अनुसूची-०३

## परिच्छेद-२ को दफा १०(२) सँग सम्बन्धित)

## सम्झौताको ढाँचा (नमूना)

यो सम्झौता पत्र.......... प्रादेशिक निकाय/ स्थानीय तह (यस पछि पहिलो पक्ष भनिएको) र ...... कृषि फार्म /उधमी कृषक................ मध्यविन्दु नगरपालिका ....... वडा नं .....टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरूलाई पालना गर्ने कुरा मन्जुर गरिन्छ । यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमिट बमोजिमको कार्य यथासिघ्र सञ्चालन गरि मितिः.......साल.......महिना..... गतेसम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

१. यस सम्झौता बमोजिमको ....... कार्यकम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ । दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।
२. सम्झौता बमोजिमको कार्यसञ्चालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. ............(अक्षरुपी ...............) र दोस्रो पक्षको लागत सहभागिता रु..........( अक्षरेपी ...............) ब्यहोरिनेछ ।
३. दोस्रो पक्षले सम्झौता वमोजिमको, कार्यकम अन्तरगत......................... व्यवसाय/उद्यम सञ्चालनका लागि सम्झोतामा समावेश गरिएको श्रोत बाहेक अन्य कुनै सरकारी, गैह सरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्रा गरिने भए प्रवम पक्षलाई जानकारी गराउनु पर्नेछ ।
४. दोश्रो पक्षले सम्झौता वमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरूले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।
५. दोश्रो पक्षले ..................................... कार्यक्रम अन्तर्गत................व्यवसाय सञ्चालन सम्बन्ध कार्यको सार्वजनिक जानकारीका लागि public audit गराउनुपर्नेछ ।
६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको जाममा एकाउन्ट पेई चेक/EFT मार्फत शुक्तानी दिनेछन ।
७. दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।
८. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका वमोजिम .................मिति सम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इस्टिमेट) अनुसार पूर्ण रुपमा सम्पन्न गरि संचालनमा ल्याउनेछ ।
९. सम्झौता बमोजिमको कार्यगर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।
१०. निर्देशिकाको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरू
११. कार्यक्रमसँग प्रासकगिक अन्य विषयहरू (आवश्यक भएमा)
१२. कार्यक्रमको विस्तृत लागत अनुमान तथा डिजाइन संलग्न बमोजिम हुनेछ (आवश्यक भएमा) ।
१३. भुक्तानी हुने खाता नम्वर

नाम:

खाता नम्वर:

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरूमा यस वमोजिम र अन्य कुराहरूमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| | |
|---|---|
| पहिलो पक्षको तर्फ बाट | दोस्रो पक्षको तर्फ बाट |
| दस्तखत | दस्तखत |
| नाम: | नाम: |
| पद: प्रमुख प्रशासकीय अधिकृत | पद: |
| मिति: | मिति: |
| कार्यालयको छाप | संस्थाको छाप |

रोहवर

| | |
|---|---|
| नाम: | नाम: |
| ठेगाना: | ठेगाना |
| मिति: | मिति: |

अनुसूची-०४

## सुचना बोर्डको नमुना

| मध्यविन्दु नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>मध्यविन्दु-०७, चोरमारा<br>गण्डकी प्रदेश |
|---|
| १. आयोजनाको नाम:<br>२. आयोजना संचालन गर्ने व्यक्ति/फर्म/संस्थाको नाम:<br>३. ठेगाना:<br>४. आयोजनाको कुल लागत:<br>५. अनुदान रकम रु.:<br>६. लाभग्राहीको योगदान रु.:<br>७. अन्य साझेदार निकायको सहभागीता रु.:<br>८. आयोजनाको अवधि: २०...\|...\|.... देखि २०...\|...\|.....<br>९. लाभग्राहीको संख्या: .......... महिला ............. पुरुष ......... जम्मा |

अनुसूची-५

## प्रतिवेदनको ढाँचा तथा प्रगति मापनको आधारहरु

i. **परिचयात्मक विवरण:**
   १. आर्थिक वर्ष:...
   २. शाखाको नाम:......
   ३. प्रगति प्रतिवेदनको अवधि:...........

ii. **प्रगती विवरण:**

| क्र.स | कार्यक्रमको नाम | वार्षिक विनियोजित बजेट (रु.) | प्रगति प्रतिवेदन तयार गर्दा सम्मको खर्च | वित्तीय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

iii. **भौतिक प्रगति विवरण:**

| क्र.स | कार्यक्रमको नाम | इकाई | वार्षिक लक्ष्य | भौतिक प्रगति प्रतिशत | कार्यक्रम संचालन हुन नसक्नुको कारण (भएमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

iv. **लाभान्वित कृषक तथा लाभग्राहीको विवरण (ढाँचा कार्यक्रमको प्रकृति अनुसार फरक हुनु सक्ने):**

| क्र.स | नाम | ठेगाना | सम्पर्क नं | अनुदानको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

v. **कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु तथा समाधानका उपायहरु:**

| समस्याहरु | समाधानमा उपायहरु |
|---|---|
| | |
| | |
| | |

vi. **कार्यक्रम सम्बन्धि कुनै सुझाब भए उल्लेख गर्ने :**

| | |
|---|---|
| तयार गर्ने: | प्रमाणित गर्ने |
| नाम: | नाम: |
| पद: | पद: |
| दस्तखत: | दस्तखत: |

**प्रगति मापनको मापदण्ड:**

**क. नगरपालिका मार्फत संचालन गरिने अनुदानको कार्यक्रम**

| **क्र.स** | **कार्यविवरण कार्य** | **अंकभार** |
|---|---|---|
| १. | सूचना प्रकाशन तथा माग सङ्कलन | १० |
| २. | खरिद प्रक्रिया<br>१. बजार मूल्य निर्धारण<br>२. कोटेसन माग तथा सम्बन्धित निर्णय<br>**३.** खरिद सम्झौता | २०<br>५<br>७.५<br>७.५ |
| ३. | वितरण तथा लाभग्राहीको सूचना प्रकाशन | ६० |
| ४. | भुक्तानी | १० |
| | जम्मा | १०० |

**ख. फर्म/उद्यमी तथा कृषक समूह मार्फत संचालन गरिने कार्यक्रम**

| **क्र.स** | **कार्यविवरण कार्य** | **अंकभार** |
|---|---|---|
| १. | सूचना प्रकाशन तथा निवेदन सङ्कलन | १० |
| २. | निवेदनको मुल्यांकन तथा लाभग्राही छनोट | १० |
| ३. | सम्झौता | २० |
| ४. | कार्यसम्पादन तथा अनुगमन | ३५ |
| ५. | कार्यसम्पन्न | १५ |
| ६. | भुक्तानी | १० |
| | जम्मा | १०० |

**ग. कृषि प्रसार सम्बन्धि**

| **क्र.स** | **कार्यविवरण कार्य** | **अंकभार** |
|---|---|---|
| १. | सूचना प्रकाशन | १५ |
| २. | लाभग्राही छनोट | १५ |
| ३. | लगत अनुमान तथा प्रस्तावना स्वीकृत | २५ |
| ४. | कार्य सम्पादन तथा सम्पन्न | ३५ |
| ५. | भुक्तानी | १० |
| | जम्मा | १०० |